# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ३९ पूर्णाङ्क ८८ | २०७४ चैत १९ गते सोमबार | Monday, 2 April, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## सडक विस्तारबारे अन्तर्क्रिया

काठमाडौं । जथाभावी सडक विस्तारले उपत्यकामा आदिवासीको आदि थलो, साँस्कृतिक सम्पदा नष्ट हुने क्रम बढेको भन्दै स्थानीय समुदाय सडक आन्दोलनमा नै उत्रिएका छन् । यसै विषयमा नेकपा (क्रान्तिकारी माओवादी) निकट नेवा राष्ट्रिय मुक्ति मोर्चाले शनिबार एक अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । 'आदिवासीहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रि कानुनी अधिकार" विषयमा नेवा राष्ट्रिय मुक्ति मोर्चाको काठमाडौं जिल्ला समितिले आयोजना गरेको कार्यक्रममा कानुनविद् शंकर लिम्बूले अदिवासीहरूको कानुनी अधिकारको विषयमा विस्तारमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा खोकना सडक विस्तार तथा फाष्टट्र्याक निर्माणले त्यहाँका नेवा समुदायको साँस्कृतिक सम्पदा तथा आदि थालोमाथि भएको विनाशको विषयमा विशेष चर्चा भएको थियो । राज्यले विना मापदण्ड र मुआब्जा जथाभावी सडक विस्तार गर्दा नेवा समुदाय आफ्नै भूमिबाट बेदखल हुन पुगेको र गैरनेवा समुदायको वर्चस्व स्थापित हुँदै गएको विषयमा पनि वक्ताहरूले भनाइ राखेका थिए । कार्यक्रममा नेवा राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठ, ३ नं. प्रदेश संयोजक गोर्की श्रेष्ठलगायतका नेताहरूको उपस्थिति रहेको थियो । मोर्चाका काठमाडौं संयोजक नमस्ते सायमीले अध्यक्षता गरेको उक्त कार्यक्रममा उपत्यकाका तीनवटै जिल्लाका नेतृत्व तहका मोर्चाका नेताहरूको उपस्थिति रहेको थियो ।

# क्रान्तिकारी माओवादीमा बढ्दैछ ध्रुवीकरणको लहर



● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । पछिल्लो समयमा मोहन वैद्य' किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)मा ध्रुवीकरणको लहर बढ्दै गएको छ । सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू विभिन्न पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेशको लहर विस्तारै बढ्न थालेको छ । पछिल्लो पटक शनिबार पुष्पकमल दाहाल'प्रचण्ड' नेतृत्वको माओवादी केन्द्रका पोलिटव्यूरो सदस्यसहित माओवादी केन्द्र परित्याग गरी चार दर्जन बढी नेता कार्यकर्ता क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । शनिबार क्रान्तिकारी माओवादीमा प्रवेश गर्नेहरूमा माओवादी केन्द्रका पोलिटव्यूरो सदस्य रामनारायण सिंह लगायतका नेता कार्यकर्ताहरू रहेका छन् । यसरी क्रान्तिकारी माओवादी पार्टीमा प्रवेश गर्नेहरूमा राजदेव नायक, शैलेन्द्र पुलामी, जीवन फुयाँल, गिताराज डोटेल, भूवराज केसी, धनबहादुर मगर, अरुण परियार, महेन्द्रकुमार लामा, कमल राय, महेश मुखिया, जीवन खड्गी, अमर खड्गी, रामकरण राम, संजय राम, अशोक यादव, देवन यादव, पवन सिंह, विजय सिंह, धिरेन सिंह, विन्देश्वर राम, सुकुमदेव राम, विन्दे पासवान, रमेशकुमार शाह, मणिलाल विश्वकर्मा, दुलार यादव, दिपेन्द्र महतो, रामकुमार महतो, विताई महतो, रमेश यादव, प्रमेश्वर नायक, दुखी मुखिया, चन्देश्वर नायक, तारा सुनुवार, धिरेन्द्र लामा, राजेन्द्र ठाकुर, चन्द्रबहादुर मुक्तान, श्रीराम मोची, जीवछ यादव, ललितकुमार सिंह, राजकिशोर शाह, नाङदोर्जे तामाङ, भोगेन्द्र पासवान, रामबाबु यादवलगायत रहेका छन् ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल'गौरव'ले एक कार्यक्रमका बीच उहाँहरूलाई पार्टी प्रवेश गराउनु भयो । रामनारायण सिंह रामबहादुर थापा बादलसँगै गतवर्ष माओवादी केन्द्रमा गएका थिए ।

प्राप्त समाचार अनुसार देशका अन्य जिल्लाहरूमा पनि माओवादी केन्द्र परित्याग गरेर क्रान्तिकारी माओवादीमा प्रवेश गर्ने नेता कार्यकर्ताहरूले तयारी गरिरहेका छन् । ...बाँकी ७ पेजमा

## माकेका पोलिटव्यूरो सदस्यसहित दर्जनौ क्रान्तिकारी माओवादीमा प्रवेश



सिरहा । सिरहाको गोलबजारमा माओवादी केन्द्रका दर्जनौ नेता तथा कार्यकर्ता नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् । शनिबार माओवादी केन्द्रका पोलिटव्यूरो सदस्य रामनारायण सिंहसहित ४ दर्जनभन्दा बढी नेता कार्यकर्ता क्रान्तिकारी माओवादी पार्टीमा प्रवेश गरेका छन् ।

माओवादी केन्द्र परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गर्ने नेता कार्यकर्ताहरूलाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले पार्टी प्रवेश गराउनु भएको थियो । पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै नेता गजुरेलले माओवादी केन्द्र र एमालेलाई प्रतिकृयावादी गठवन्धनको संज्ञा दिनुभयो ।

उहाँले एमाले र माओवादीको पार्टी एकताको हल्ला चलाएपनि खासमा माओवादी एमालेमा विलय हुन लागेको दावी गर्नुभयो । नेता गजुरेलले भन्नुभयो, 'माओवादी केन्द्रले माओवाद र क्रान्तिकारी लाईन छोडेर एमालेकरण हुने निश्चित भएकोले यसलाई एकताभन्दा विलय भन्न उचित हुन्छ ।'

मन्तव्यकै क्रममा नेता गजुरेलले धर्मनिरपेक्ष मुलुकमा कुनै व्यक्ति गाईको मासु खाएको नाममा थुनामा पर्नु लज्जास्पद भएको पनि बताउनु भयो । उहाँले भन्नुभयो, 'कसैले गाईलाई लक्ष्मीको नाममा पूजा गर्छ, कसैले त्यसको मासु खान्छ, त्यो सोभाविक कुरा हो । तर, जुन कुरालाई संविधानले नै सुनिश्चित गरिसको छ, त्यसमा पनि राज्यले पक्राउ गर्नु संविधानकै खिल्ली उडाउनु हो ।'

पार्टी प्रवेश कार्यक्रममा क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य तथा २ नं. प्रदेश सचिव कृष्णदेव सिंह दनुवारलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी माओवादीले सीमा निरीक्षण गर्ने

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले माघदेखि चैत्रसम्म जारी पार्टीको तीन महिने संगठन विस्तार, सुदृढीकरण तथा जनपरिचालनको अवधि थप गरी जेठसम्म सञ्चालन गर्ने निर्णय गरेको छ । पार्टीको चैत्र १२ र १३ गते सम्पन्न पोलिटव्यूरो बैठकले २०७४ पौषमा सम्पन्न केन्द्रीय समितिको बैठकको निर्णय अनुसार सञ्चालित भइरहेको संगठन विस्तार, सुदृढीकरण तथा जनपरिचालन अभियानलाई आगामी २०७५ जेठ महिनासम्म थप गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने निर्णय लिइएको बैठकपछि पार्टी महासचिव मोहन वैद्य'किरण'को हस्ताक्षरमा बुधबार जारी गरिएको वक्तव्यमा जनाइएको छ ।

क्रान्तिकारी माओवादीको बैठकले देशमा भारतीय विस्तारवादद्वारा सीमा अतिक्रमणको प्रक्रिया बढ्दै गएको र राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न गम्भीर बन्दै गइरहेको स्थितिमा संयुक्त मोर्चाको पहलमा युवा तथा विध्यार्थी लगायतका संगठनहरूलाई परिचालित गरी सीमा अतिक्रमण ...बाँकी ७ पेजमा

## 'क्रान्तिकारीहरू क्रान्तिकारी आशावादमा बाँच्ने गर्दछन्'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले प्रतिक्रियावादी, संसदवादी, संशोधनवादी तथा अवसरवादीहरू पैसा र पदमा बाँच्दछन् भन्दै क्रान्तिकारीहरू क्रान्तिकारी आशावादमा बाँच्ने गर्दछन् भन्ने विचार व्यक्त गर्नुभएको छ । क्रान्तिकारी माओवादी निकट क्रान्तिकारी पत्रकार महासंघको केन्द्रीय सचिवालयको विस्तारित बैठकलाई सम्बोधन गर्दै महासचिव किरणले यस्तो विचार व्यक्त गर्नुभएको हो । उहाँले विग मिडियाहरूले क्रान्तिकारी माओवादीका विचार र समाचारहरूलाई ब्ल्याक आउट गरेको यो बेला प्रतिक्रियावाद तथा संसदवाद, संशोधनवाद तथा दक्षिणपन्थी अवसरवादी तत्वहरूले फैलाएका भ्रमहरूलाई चिर्दै क्रान्तिकारी पत्रकारहरूले प्रचार र संगठनको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनु भयो ।

वर्तमान सरकार, व्यवस्था र संविधानले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समस्या समाधान गर्न नसक्ने ठोकुवा गर्दै महासचिव किरणले संशोधनवादी र अवसरवादीहरूको ध्रुवीकरणका विरुद्ध सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूबीचको ...बाँकी ७ पेजमा

## 'कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकीकृत गर्ने प्रयत्न गर्दैछौं'

काठमाडौं । "नेपालमा पर्यटन उद्योगको प्रवर्द्धन, सम्भावना तथा चुनौती" विषयक प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले आफ्नो पार्टीले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकीकृत पार्ने प्रयत्न गरिरहेको बताउनु भएको छ ।

क्रान्तिकारी माओवादी निकट अखिल नेपाल पर्यटन व्यवसायी संघले गोकर्ण रिसोर्टमा आयोजना गरेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले समसामयिक राजनीतिक विषयमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो ।

उहाँले प्रचण्डहरूले गरेको गद्दारीका कारण दशवर्षे जनयुद्धले गम्भीर धक्का खाएको भन्दै एमाले र माके दुवै वामपन्थी नभएको दावी गर्नुभयो । उहाँले नेपालमा राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका समस्याहरूको समाधान नभएसम्म कुनै पनि क्षेत्रको विकास सम्भव नहुने पनि बताउनु भयो । कार्यक्रमलाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीस, बुद्धिजीवीका नेता हुकुमबहादुर सिंह र नेता हजारसिंह लामाले सम्बोधन गर्नुभएको थियो । संघका अध्यक्ष तोरण गुरुङले अध्यक्षता गरेको उक्त कार्यक्रमको सञ्चालन नविन शर्माले गर्नुभएको थियो ।

## सी–किम भेटवार्ता

एजेन्सी । यसैसाता उत्तर कोरियाली नेता किम जोङ उन चिनियाँ नेता सी जिनपिङलाई भेट्न बेइजिङ पुगे । सन् २०११ मा शक्तिमा आएयता यो उनको पहिलो विदेश भ्रमण थियो । सुरुमा गोप्य राखिएको यो भ्रमणका क्रममा किमले परिस्थिति उचित बने कोरियाली प्रायद्वीपमा आणविक निशस्त्रीकरणका लागि आफू प्रतिबद्ध रहेको बताएका छन् ।

चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार किमले 'दक्षिण कोरिया र अमेरिकाले हाम्रो प्रयासको उत्तर हार्दिकताका साथ दिएर शान्ति र स्थायित्वको वातावरण तयार गरे कोरियाली प्रायद्वीपमा आणविक निशस्त्रीकरणको मुद्दा सल्टिने' बताए । उता सीले भने चीन र उत्तर कोरियाबीचको ऐतिहासिक सम्बन्धको प्रशंसा गर्दै भविष्यमा प्योङ्योङ भ्रमणको निमन्त्रणासमेत स्वीकार गरे ।

कोरियाली प्रायद्वीपमा चकित बनाइदिने विकसित घटनाक्रमको पछिल्लो कडीको रूपमा किमको चीन भ्रमणलाई लिइएको छ । पहिले दक्षिण र उत्तर कोरियाबीच प्योङचाङ हिउँदे ओलम्पिकमा र त्यसपछि पनि अनेकौं कूटनीतिक भेटघाट भए । यी भेटघाटहरूले मार्चको सुरुमा किम जोङ उन र दक्षिण कोरियाली अधिकारीहरूबीचको ऐतिहासिक भेट सम्भव गरायो । सो भेटमा दुवै पक्ष अन्तर-कोरिया शिखरवार्ता गर्न सहमत भए, जुन अप्रिल अन्त्यमा तय भएको छ । दक्षिण कोरियाली दूतहरूको प्योङ्योङ भ्रमणका क्रममा किमले बारम्बार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग प्रत्यक्ष भेट्ने इच्छा जाहेर गर्नुका साथै उत्तरको आणविक निशस्त्रीकरणलाई पनि स्वीकार गरे । गठबन्धन परिषद् र ह्वाइट हाउस सल्लाहकारहरूको चेतावनीयुक्त तरिकाका बावजूद यो प्रस्तावलाई ट्रम्पले तत्काल स्वीकार गरे । किम र ट्रम्पबीच मे महिनाको अन्त्यसम्ममा बैठक हुने योजना बनेको छ ।

# जनयुद्ध र वार्षिकोत्सव

● 'अटल' ●

वर्ग संघर्ष कसैको इच्छा आंकक्षा, चाहना र सनकले हुने र रोकिने विषय होइन । यो देश, काल परिस्थिति र जनताको चेतना अनुसार वर्गसंघर्ष कहिले शान्तिपूर्ण कहिले नारा जुलुसको रूपमा कहिले भुसको आगोझैं भित्र-भित्र त कहिले बन्दुकको गड्गडाहट र रातो ब्यारल (नाल)को रूपमा व्यक्त हुन्छ र भइरहन्छ । यो वस्तुगत जगतको स्वतन्त्र नियम अनुसार निरन्तर चलिरहन्छ । त्यसकारण २०६३ मंसीर ५ गते आजका मितिदेखि "जनयुद्धको अन्त्य भयो" भनेर गिरिजासँगै हस्ताक्षर गरेर प्रचण्डले वर्गसंघर्ष परित्याग गरेपनि भिन्न वहुआयामिक रूपमा नेपाली विशेषता अनुसारको वर्गसंघर्ष छताछुल्ल रूपमा नेपाली समाजमा चलिरहेको छ । "सशस्त्र बल विना राज्य सत्ता परिवर्तनको कुरा गर्नु पागलपन हो" भनेर स्टालिनको भनाई हजार पल्ट दोहोऱ्याउने प्रचण्ड अहिले आएर आफ्नो मूल्य, मान्यता, सिद्धान्त विपरीत पछिल्लो आफ्नै हेटौंडा महाधिवेशन ०६९ माघको विपरीत कुनै भेला सम्मेलन महाधिवेशन जस्ता निकायबाट अनुमोदन वा पारित नगरी "संविधानसभाबाट पारित नेपालको संविधानको रक्षा र प्रयोगको क्रममा लोकतान्त्रिक प्रणाली र शान्तिपूर्ण प्रतिस्पर्धाको माध्यमबाट....समाजको आधारहरू तयार गर्ने साझा निष्कर्षमा आइ पुगेका छौं ।" (सहमति पत्र असोज १७), मा सही धस्काउन पुग्दछन् ।

एमालेले पनि जनयुद्धप्रति सम्मान प्रकट गरेको छ भनेर आफ्ना अनुयायीहरूलाई थामथुम पार्न खोजे पनि केपी ओलीले "हिंसात्मक क्रियाकलापको समर्थन गर्न सकिदैन" भनेर पेरिसडाडाँको निम्तो अस्वीकार गरेर फागुन १ को कार्यक्रम बहिष्कार गरेको र "माओवादीजनले हिंसात्मक क्रियाकलाप जनयुद्धको गुणागान गाइरहँदा म आततायी जत्थाबाट तीन पटक घेरामा परेर बल्ल-बल्ल बाँचेको घटना सम्झिरहेको छु ।" भनेर ईश्वर पोखरेलले मुखभरिको जवाफ दिएर लोप्पा खुवाई सकेका छन् । एमालेले त २०३५ साल पौष ११ बाटै मालेको स्थापना दिनकै दिन (जुन पछि गएर ०४७ मा मार्क्सवादीसंग एकता गरेर एमाले भएको हो) बाट अबदेखि हतियार नउठाउने र शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोमा हिड्ने भनेर ख्रुश्चोभी बाटो पक्डिसकेको हो, उसलाई केही थप भनिरहनु जरुरी पनि छैन । एमालेको बाटोमा हिडेर जनयुद्धको सम्झना गर्नु महिमा माण्डित गर्नु जनयुद्धकै अवमूल्यन हो । नयाँ जनवाद-समाजवाद र साम्यवादको नारा घन्काउँदै शहीद भएकाहरूको सम्झना गर्न लायक पार्टी बनेको छ- माके । जसरी २०२९ फागुन २१ गते राजतन्त्र मुर्दावाद भन्दै सुखानीमा रामनाथ दाहाल, नारायण श्रेष्ठ, कृष्ण कुईकेल, नेत्र घिमिरे र वीरेन राजवंशीले सहादत प्राप्त गरे । त्यही भ्रुण झापाली समुहले माले हुँदै एमाले बनेर २०४७ कार्तिक २३ गते संवैधानिक राजतन्त्रात्मक संविधान बनाएर शहीदको अपमान गरेको थियो ।

त्यसैगरी 'संसदीय व्यवस्थाको भ्रममा नपरौं, नयाँ जनवादी क्रान्तिको तयारी ...बाँकी ७ पेजमा

## सम्पादकीय

# सीमा निरीक्षण

नेकपा (क्रान्तिकारी माओवादी)को पछिल्लो पोलिटव्यूरो बैठकले पार्टी निकट युवा र विध्यार्थीलाई संयुक्त रूपमा सीमा निरीक्षणका लागि परिचालन गर्ने निर्णय गरेको छ । भारतीय विस्तारवादले नेपाली भूमिमाथि गरेको श्रृङ्खलाबद्ध हस्तक्षेप अतिक्रमणका विरुद्ध आवाज उठाउँदै आएको क्रान्तिकारी माओवादीले पूर्वमेचिदेखि पश्चिम महाकालीसम्मकै सीमा क्षेत्रमा सीमा निरीक्षण गर्ने भएको छ । राष्ट्रिय स्वाधीनतामाथि कालो बादल मडारिरहेको अहिलेको यो स्थितिमा क्रान्तिकारी माओवादीले गरेको यो निर्णयलाई निकै महत्वका साथ हेरिएको छ । छपकैयाको अतिक्रमण प्रकरणमा पनि क्रान्तिकारी माओवादीका युवा र विध्यार्थीहरूले संयुक्त रूपमा अतिक्रमित भूमिको निरीक्षणका साथै अतिक्रमणका विरुद्ध विरोध प्रदर्शन गर्दै आएको थियो ।

खुल्ला सीमानाको फाइदा उठाउँदै भारतीय शासकवर्गले नेपालको हज्जारौं हेक्टर जमिन अतिक्रमण गर्दै आएको छ । सुस्ता, कालापानी हुँदै छपकैयासम्म आइपुग्दा सीमा अतिक्रमणसँगै नेपाली दलाल शासकहरूको राष्ट्रघाती चेहेरा पनि नयाँ ढंगले उदांगिन पुगेको छ । वर्षौंदेखि नेपाली नागरिकले भोगचलन गर्दै आएको भूमि समेत नागरिकले तिरो तिरेको र लालपूर्जासमेत देखाउँदा देखाउँदै पनि नेपालका शासकहरू नै भारतको भूमि भएको वयान दिन थालेका छन् । शासन सत्तामा बसेका शासकहरू छपकैयामा ५० विघा जमिन भारतले मिच्यो भनेर जनता आन्दोलित हुँदा चुँसम्म नबोली मकुदर्शक बन्छ । यो सामान्य स्थिति होइन ।

सीमाविद्हरूका अनुसार भारतले नेपालको ८७ स्थानमा सीमा अतिक्रमण गरेको छ । सीमामा भारतीय सीमा सुरक्षा बलले आतंक फैलाएको छ । नेपाली भूमिका पसेर नेपालीहरूमाथि हत्या, हिंसा लाद्ने, छोरी चेलीहरू बलात्कार गर्ने, लुटपाट पार्ने जस्ता ज्यादतीपूर्ण कार्यहरू गर्दै आएको छ । एसएसबीको अत्याचारको प्रतिवाद गर्नेहरूलाई गोली ठोकेर मार्दा पनि नेपालका शासकहरू भारतीय विस्तारवादको विराध गर्न सक्दैनन् । सप्तरीको तिलाठीदेखि कञ्चनपुरसम्मको घटनामा नेपाली भूमि र नागरिकको सुरक्षा गर्न नसक्ने नालायक सरकारका विरुद्ध जनतामा विद्रोहको चेत बढ्दै गएको छ ।

अब राष्ट्रिय स्वाधीनताका रक्षाका निम्ति नागरिकहरू नै सचेत र संगठित रूपमा सडकमा नउत्री नेपाली भूमि र नागरिकको सुरक्षा हुने देखिन्न । राष्ट्रवादको मुकुण्डो लगाएर राष्ट्रवादी जनताको अभिमत लिएर सरकारको नेतृत्व गर्न पुगेका केपी ओली अहिले मोदीको ज्यू हजुरीमा छन् । उनको राष्ट्रवादको मुकुण्डो उनी प्रधानमन्त्री नहुँदै उदांगिन पुग्यो । अब हुने भारत भ्रमणमा उनको राष्ट्रघाती चेहेरा उदांगिने निश्चित छ ।

ओली, दाहाल, देउवासबै दिल्लीका सिल्ली दलाल हुन् । जनताले अब यिनीहरूबाट राष्ट्रिय स्वाधीनताको रक्षाको अपेक्षा राख्नु बेकार छ । दिल्लीको दलाली गरेर आफ्नो कुर्सीको आयु लम्ब्याउने भन्दा बाहेक ओली नेतृत्वको कथित वाम सरकारले पनि केही गर्ने देखिएको छैन । आर्थिक मन्दीको चपेटामा परेको सरकारले स्थायित्व र समृद्धिको नारा दिनु पनि जनता ठग्नुभन्दा केही होइन रहेछ भन्ने बुझ्न बेरै लागेन र लाग्ने छैन । यसर्थ, फेरि पनि मुलुकमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि फेरि एउटा संघर्ष तथा क्रान्ति अपरिहार्य बनेर गएको छ । त्यसको नेतृत्व क्रान्तिकारी माओवादी बाहेक अन्य राजनीतिक शक्तिले गर्ने देखिन्न ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निषक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# माकेको एमालेमा विलय : एक चर्चा

❑ अरूण

'.....उक्त लोकतान्त्रिक गणतन्त्रलाई प्रतिक्रियावादी वर्ग र तिनका पार्टीहरूले बुर्जुवा संसदीय गणतन्त्रमा बदल्न बल गर्नेछन् भने सर्वहारावर्गको हाम्रो पार्टी त्यसलाई नयाँ जनवादी गणतन्त्रमा बदल्ने प्रयत्न गर्नेछ ।' (२०६२ असोज-कार्तिकमा सम्पन्न ऐतिहासिक चुनवाङ बैठक, ऐतिहासिक दस्तावेजहरू, पृ. २ ९६) । २०६२ सालमा आयोजित चुनवाङ बैठकको प्रस्तावको एक अंश हो यो, जसमा लोकतान्त्रिक गणतन्त्रलाई कार्यनीतिक नाराका रूपमा मात्र लिइएको उल्लेख गरिएको थियो ।

कार्यनीतिक नाराका रूपमा स्वीकारिएको 'लोकतान्त्रिक गणतन्त्र'लाई जनगणतन्त्रमा बदल्ने मूल नेतृत्वको कुनै मूर्त योजना नदेखेपछि वरिष्ठ नेता किरण नेतृत्वको विचारसमूहले पार्टीभित्र शान्तिप्रक्रियाका सुरुका वर्षहरूबाटै बहसको थालनी गऱ्यो । दुई लाइन सङ्घर्ष चर्कंदै जाँदा २०६८ पुसमा आयोजित तत्कालीन एनेकपा (माओवादी) को एक बैठकमा प्रस्तुत छुट्टाछुट्टै प्रस्तावमध्ये अध्यक्ष प्रचण्डले आफ्नो प्रस्तावमा पार्टी भयानक रूपमा विघटित र बिसर्जित भइरहेको कुरा उल्लेख गर्दै 'यथार्थमा पार्टी मरिरहेको' कुरा लेखेका थिए । त्यसको खण्डनमा द्वन्द्ववादलाई सही ढङ्गले पकड्दै किरणले 'सिङ्गो पार्टी मरिरहेको नभई पुरानो पार्टी मरिरहेको र नयाँ पार्टी जन्मिरहेको भनेर लेखेका थिए । (जलजला, वर्ष १०, पूर्णाङ्क ६१, पुस २०६८, पृ. १३१) । ठीक त्यसै भएको छ, सो बहसको एक दशक पनि नपुग्दै प्रचण्डकै शब्दमा भन्ने हो भने उनको नेतृत्वको माओवादी केन्द्र मरेको छ जसको औपचारिक घोषणा हुनमात्र बाँकी छ भने कम्युनिस्ट आन्दोलन भड्कावहरूको यस्तो चुनौतीपूर्ण अवस्थाबाट गुज्रिदै गर्दासमेत किरण नेतृत्वको क्रान्तिकारी माओवादीले नयाँ जनवादी राज्यसत्ता प्राप्तिको महाअभियानलाई निरन्तर जारी राखेको छ । यो लेख भर्खरै एमालेमा विलयको घोषणापत्रमा प्रारम्भिक हस्ताक्षर गरेको माकेसँग सम्बन्धित छ ।

लेखको सुरुवातमै एउटा कुरा प्रस्ट पारौं । हरेक मानिसका सीमा र कमजोरी हुन्छन् । प्रचण्डका पनि आफ्नै सीमा र कमजोरी होलान् । त्यसैले व्यक्तिका रूपमा प्रचण्ड अर्थात् पुष्पकमल दाहाल अथवा अरु कसैको बारेमा शब्द खर्च गर्नुपर्ने कुनै रहर, जाँगर र फुर्सद छैन । साथै, उनको मृत पार्टीमा जीवन भर्ने अभिप्रायले छेडिएको यो कुनै बहस पनि होइन । यो त हजारौं सहिद, बेपत्ता तथा घाइते अपाङ्गलगायत माओवादी आन्दोलनका सम्पूर्ण नेता, कार्यकर्ता, समर्थक तथा शुभचिन्तकको त्याग र बलिदानको मूल्यबाट नायकका रूपमा स्थापित गराइएको 'प्रचण्ड' नामको बिम्ब र उनको पार्टीको पतनको चर्चा हो ।

नेपाली राजनीतिक आन्दोलनमा निमुखाहरूको सपनाको व्यापारबाट फस्टाएका तर पछि तिनै जनतालाई धोका दिएका पार्टीहरू नभएका होइनन् तर दशौं हजारको सहादतबाट संसारलाई आश्चर्यचकित पार्ने उचाईं प्राप्त गरेको आन्दोलनलाई ध्वस्त बनाउनु इतिहासको सामान्य परिघटना होइन, त्यो पनि त्यही आन्दोलनको मूल नेतृत्वबाट । तसर्थ, सो पार्टीको पतनको चर्चा गर्नु आवश्यक हुन्छ ।

यो लेख लेख्दै गर्दा यहाँ एउटा प्रसङ्ग उल्लेख गर्नु सान्दर्भिक होला । हालै जनयुद्धबारे प्राज्ञिक जगतमा भएका सोधहरूबारे खोजी गर्ने क्रममा अमेरिकी सेनाका एक मेजरले लेखेको एउटा विशेष निबन्ध (मोनोग्राफ) पढ्ने अवसर मिल्यो । 'द माओइस्ट इन्सर्जेन्सी इन नेपाल, १९९६-२००८ र इम्प्लिकेशन्स फर यु.एस. काउन्टर इन्सर्जेन्सी डक्ट्रिन' शीर्षकको उक्त शोधमा अमेरिका, बेलायत र भारतबाट तालिम तथा जिन्सी सहयोगका बाबजुद पनि नेपाली सेना काउन्टर इन्सर्जेन्सीमा असमर्थ भएको, सरकार हारेको र माओवादी विद्रोह सफल भएको उल्लेख छ । (The Maoist Insurgency in Nepal, 1996-2008: Implications for U.S. Counterinsurgency Doctrine, MAJ Timothy R Kreuttner, School of Advanced Military Studies United States Army Command and General Staff College Fort Leavenworth, Kansas, ii, p.1). त्यसो हुनुमा सरकारले सामाजिक, आर्थिक तथा राजनीतिक तनावहरूमा निहीत समस्याहरूका समाधानका लागि एउटा सुसंगत रणनीति तर्जुमा गर्न असफल रही सैनिक र कानून प्रवर्तनमा भर परेको कारण बताइएको छ । (उक्त, उ, उ, ष) ।

यो प्रसङ्गको उल्लेख किन सान्दर्भिक छ भने जनयुद्ध त्यस उचाईंसम्म पुग्ने कारण संसारभरका शोधकर्ताहरूको खोजको विषय बनिरहँदा जनयुद्ध समाप्तिको घोषणासहित संसदीय राजनीतिमा फर्किएका प्रचण्डले आफू नेतृत्वको पार्टीलाई इतिहासको पानामा आफैले सीमित गराइदिए । साम्राज्यवादको केन्द्रबाट 'सहयोग, शिक्षा र तालिम' (Ibid, p. 1) पाएको सेना र समग्रमा राज्यले दश वर्षसम्म केही गर्दा पनि सिध्याउन नसकेको जनयुद्धलाई १२ बुँदेदेखिका बाह्र वर्षमा 'डाइनामिक' नेता प्रचण्डले २०५२ सालअघिको अवस्थामा फर्काइदिएका छन् । हुँदाहुँदै त सबै माओवादीहरूको एउटै केन्द्र बनाउने र आफ्नै नेतृत्वमा माओवादी आन्दोलनलाई अझ उचाइँमा उठाउने षड्यन्त्रकारी तानाबाना बुनी सम्पूर्ण माओवादी धाराहरूलाई नै एमालेकरण गर्ने छलाङ्गको दुःस्वप्न पनि देखेका रहेछन् । यसै छलाङ्गको व्याख्या मोहन वैद्यले आफ्नो लेख ' माकेको एमालेमा विलयः एक पश्चगामी छलाङ' मा शानदार ढङ्गले गरेका छन् । (वर्गदृष्टि, वर्ष २, अङ्क ३४) । विगतमा एमालेलाई प्रतिक्रियावादी ठहर गरेका प्रचण्डले आफ्नै नेतृत्वको पार्टीलाई त्यही एमालेमा लगेर विलय गराउने 'डाइनामिज्म' को वैचारिक स्रोत लामो समयसम्म खोजको विषय बनिरहनेछ ।

### ओरालो यात्रादेखि पतनसम्म

शासनसत्ता त बुर्जुवाहरूले परिवर्तन गर्दै आएकै थिए । राणाशासन ढालेकै थिए, पञ्चायत फालेकै थिए । गणतन्त्र पनि ढिलोचाँडो ल्याइहाल्ने थिए । लोकतान्त्रिक गणतन्त्र नामको यो पुरातन संसदीय व्यवस्था फाल्नकै निम्ति जनयुद्ध लडिएको थिएन र लड्नुपर्ने आवश्यकता नै थिएन । तर विडम्बना, राज्यसत्ता बदल्न जनयुद्धको उडान थालेको माओवादी शासनसत्ता मात्र बदल्ने शर्तमा दिल्लीको रोहोबरमा दिल्लीमै जनयुद्धको समाप्तिको घोषणा गर्दै शान्तिपूर्ण अवतरण गऱ्यो । राज्यका पुरानै मिशिनरी अन्तर्गत रही उही संसदीय राजनीतिमा सहभागिता जनाउने प्रतिबद्धता जाहेर गऱ्यो । त्यो वैचारिक पतन राजनीतिमा अभिव्यक्त हुनु अनिवार्य थियो । जनयुद्धभरि बोकेको सिद्धान्त र व्यवहारको भारीलाई दिल्लीतिर थान्को लगाएर काठमाडौं पसेको सो पार्टी राजनीतिमा विद्यमान पुरानै विकृतिहरूबाट सङ्क्रमित हुन थाल्यो । केही नयाँ गर्ने सपना मर्दै जान थालेपछि पुरानैतिर फर्किनुपर्छ भन्ने ठानेका नेताहरूमा विस्तारै विस्तारै त्यो सङ्क्रमण फैलिन थाल्यो । हुन त जनयुद्धको अवधिमै भारतमा शेल्टर हुने कतिपय नेताले 'माटो सुहाउँदो' गर्न थालिसकेका थिए । समयक्रममा जनयुद्धका दश वर्षमा धेरै पछि परिएछ भन्ने एउटा ठूलै जमात पैदा हुँदै गयो । जनयुद्धकै समाप्तिको घोषणा गरिसकेपछि त्यसका आदर्शलाई बोकेर हिड्नु बाध्यकारी थिएन । फलस्वरूप दिन बित्दै जाँदा आफैले दुश्मन करार गरेका राजनीतिक दल र तिनका नेताहरूको जीवनशैलीदेखि ऱ्याल काढ्ने ठूलै जमात पार्टीभित्र पैदा हुँदै गयो । सामाजिक-आर्थिक कारणहरूले पनि होला, छोराछोरी डाक्टर र इञ्जिनियर, काठमाडौंमा एक टुक्रो जग्गा, त्यसमा बनेको सानो घर, सकेसम्म एउटा सानो गाडी, बैंक ब्यालेन्स - यत्ति त न्युनतम आवश्यकता बन्न थाल्यो । बिस्तारै यसलाई प्रतिष्ठासँग जोडेर बुझ्न थालियो । सक्नेले जे पनि गर्न थाले ।

नेपालमा भएको पुँजीवाद दलाल तथा नोकरशाही पुँजीवाद हो । यो व्यवस्थाले सरकार, कर्मचारीतन्त्र, सेना, प्रहरी, राजनीतिक दलहरू लगायत राज्य सञ्चालनका सबै अवयवहरूमा दलाल उत्पादन गर्दछ र आफ्नो जबर्जस्त प्रतिनिधित्व सुनिश्चित गर्दछ । त्यही वर्गले बिस्तारै माओवादीका नेताहरूसँग हिमचिम बढाउन थाल्यो । तिनैको स्वार्थपूर्तिका निम्ति काम गर्न उद्दत पार्टीको एउटा पङ्क्ति बिस्तारै दलाल, कमिशनखोर र विचौलियामा परिणत बन्दै गयो । पार्टीबाहिरको त कुरै छाडौं, पार्टीकै नेता-कार्यकर्ता र शुभचिन्तकहरूको समेत जागिर, सरुवा बढुवा, नियुक्ति, चुनावका टिकट आदिमा कमिशन उठाएर आफ्नो सपना पूरा गर्ने परिपाटी स्थापित हुँदै जान थाल्यो । माओवादी नेतालाई भेटेपछि नहुने काम केही रहेन । काम गरिदिनकै निम्ति जसरी पनि सत्ता र शक्तिकेन्द्रको नजिक रहनुपर्ने बाध्यकारी अवस्था सिर्जना भयो । जसरी पनि सरकारमा जानुपर्ने र मन्त्री लगायतका लाभका ठूला, मध्यम तथा सानाभन्दा साना जुनसुकै पदका लागि तछाडमछाड गर्नुपर्ने परिस्थिति सिर्जना भयो । आफूलाई प्रत्यासीका रूपमा प्रस्तुत गर्ने सबैको आकाङ्क्षाले गर्दा चार हजार जनाको त केन्द्रीय समिति बनाउनुपर्ने बाध्यता आयो । पहिले शहादतको कोटा चुक्ता गर्न तछाडमछाड गर्ने नेताहरू लाभका पदहरू कब्जा गर्नका लागि आफू, आफ्नो परिवार र संरक्षकहरूका लागि कोटा सुरक्षित गर्न थाले । त्यो प्रवृत्ति यति जबर्जस्त बन्दै गयो कि सात घाटका पानी खाएर नेताहरू माओवादी केन्द्रमा फर्किन थाले । सत्तालिप्साले रन्थनिएको त्यो जमात कहिले हँसिया हथौडाको झण्डा रुखसँग गाँसेर अघि बढ्ने कुराको महिमामण्डन गर्न थाल्यो भने कहिले सूर्यसँग । कहिले लोकमान त कहिले खिलराजलाई अघि सारेर आफ्नो स्वार्थको संरक्षण गर्न थाल्यो । हुँदाहुँदै माओवादी र एमाले हुनुमा भिन्नतासमेत देख्न छाडेको यस्तो विचारहीन झुण्ड पैदा भयो, जो कहिले माओवादीहरूको एउटै केन्द्र बनाउने भनेर उफ्रिन्छन् त कहिले कम्युनिस्टहरूको एउटै केन्द्र । पार्टीको नीति र कार्यक्रमहरू नै तर्जुमा गर्ने स्थानमा रहेको त्यो जमात यति प्रभावशाली बनिसकेको छ कि करोडौं खर्चिएर चुनाव जिताउने दलाल तथा पुँजीपति वर्गको दह्रो काँध प्रायशः हरेकले पाइसकेका छन्, नपाउनेहरू खोजीमा छन् । तिनको राजनीतिको पछिल्ला केही वर्षको विश्लेषण गर्ने हो भने त्यो जमात एउटै कुराबाट निर्देशित रहेको देखिन आउँछ : जनयुद्धकाल र शान्तिकालका सुरुवाती केही वर्षमा धेरै पछि परिएकोमा पश्चताप गर्दै त्यसैको क्षतिपूर्ति गर्ने ।

बुर्जुवाहरूसमेत एउटा विचारका आधारमा सानै पार्टी भए पनि चलाएर बस्छन् । तर यही जमातलाई सानो तिनो आँखा नलाग्ने भएपछि आफ्नो पहिचान समाप्त पार्दै आफैले ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# काम र दामको खोजी

केही दिन अगाडि काम र दामको खोजी गर्दै पर्देशका मुख्खेमन्त्रीहरू देशका पर्धानमन्त्रीलाई भेट्न गए । पर्धानमन्त्रीले पनि जागिरमा भर्ना भएदेखि नै अलपत्र पारिएका मुख्खेहर्लाई दर्शनभेट दिए । छ जना मुख्खेहरू त उनकै दल र गुटका थिए, एकजना भने मधेशवादी दलका थिए । उनीहरू सबैलाई सामुहिक रूपमा दर्शनभेट दिएर उनीहर्का आनामिना गुनासा सुन्ने र तिनलाई काम र मामको चाँजोपाँजो मिलाउने बारेमा पर्धानमन्त्रीले शिक्षा दीक्षा दिने काम गरे । आफ्नो दर्शनभेट गर्न पर्देशबाट आएका मुख्खेहर्लाई एकछाक मिठो मसिनो खुवाएर दारूपानी पिलाए र आआफ्ना स्वदेशमा गई पाँच वर्ष जेनतेन गुजारा गर्नु भनि अह्रनखटन गरी पठाए ।

विचरा मुख्खेहर्ले आफूहरू मुख्खेमा चुनिएर भर्ति भएदेखि नै पर्देशमा कुनै काम पनि किटानी नभएको र आफूहर्लाई दानापानीको पनि राम्रो प्रवन्ध नभएकाले निकै दुःखसास्ती भुगत्नु परेको गुनासो देशका पर्धानमन्त्रीसँग गरे ।

मुख्खेहर्ले आफ्ना चाङका चाङ समस्याको कुम्लो फुकाउँदै पर्धानसँग गुनासो गर्दै भने - 'हामीलाई बस्ने बास र खाने गासको व्यवस्था छैन । कहिले होटेलमा कहिले आफन्तकोमा शरण लिँदै बस्दै गरेका छम् । हामीले के काम गर्ने भन्ने कुनै ठेलोटुप्पोको टुङ्गो छैन । ठूलठूला विकासे योजना सबै देशले हडप्ने, सनातिना जति थानीय जिमुवालहर्ले कब्जा गर्ने हामी पर्देशका सरकार अलपत्र पर्ने काम भयो । हाम्रो केही पनि हकभोग रहेन । कर, भन्सार, राजस्व, रेमिट्यान्स, विदेशी दातामाताबाट आउने भिक्षाटन आदि इत्यादि सबै देशले कब्जा गर्ने, पैसा छाप्ने काम पनि देशले गर्ने, जग्गाको तिरोभरो र सानातिना आम्दानीका श्रोत थानीय जिमुवालहर्ले उतै अँठ्याउने हामी भने भोकभोकै तड्पिनु पर्ने ? यो त घोर अन्याय भो हजुर ।'

पर्देशी मुखियाहर्को यति गुनासो सुनेपछि देशका पर्धानमन्त्रीले उनीहर्लाई सम्झाउँदै भने -'कामको के चिन्ता गर्नुहुन्च ? विभिन्न क्लवहर्का कार्यक्रमहर्को उद्घाटन गर्ने, रिबन काट्ने । समृद्धिका कुरा गर्ने, स्मार्ट सिटी बनाउँचम् भन्ने । अब हरेक कुरा स्मार्ट हुन्च । सहर स्मार्ट, गाउँ स्मार्ट, कुला नहर बाटाघाटा स्मार्ट, घरहरू स्मार्ट, खेतबारी स्मार्ट, मान्छे स्मार्ट, गाईगोरु, भेडाबाखा सबै स्मार्ट बनाउँचम् भनेर गाउँ, टोल, सहर बजार जतातते भाषण गर्ने । एनजीओ र आइएनजीओहर्को देशैभरी जालो छ । उनीहर्लाई फकाईफुलाई गर्ने र विदेशतिर भ्रमण गर्ने, कार्यकर्ता, साना व्यापारी उद्योगीहर्लाई भेट दिने, विकासे आश्वासन बाँट्ने यिनै त हुन् काम पर्देश सरकारले गर्ने । अरू के काम चाहियो ? देशको सरकार मात्रै भैदिएको भए तपाइँहरू सबै मन्त्री मुख्खे मन्त्री हुन पाउनुहुने थिएन । सातौटा पर्देश भएर जतातते मन्त्री र माननीय भा'छ । पर्देशको सरकारको काम भनेको देशी सरकारको सेवा गर्ने र थानीय सरकारको धरालो गर्ने हो ।

जहाँसम्म दामको कुरो छ त्यसको लागि अलिअलि यताबाट पठाम्ला । अरू उतै करसर बढाएर जोरजाम पार्नू । विदेशबाट भीक्षादाताहर्ले दिए भने लिनू । पर्यटक अलि धेरै हुल्ने योजना बनाउने, होटेलसोटेलबाट हप्ता उठाउने त्यसरी काम चलाउने ।'

यसरी पर्देशी सरकारका मुख्खेहर्लाई देशी पर्धानमन्त्रीले अर्ति उपदेश दिएर पठाए ।

*१८ चैत २०७४*

kailubraha73@gmail.com

# नेपाली समाजको स्वरूप र पार्टीको आम कार्यदिशा–२

*(अघिल्लोको बाँकी अंश)*

नेपालमा दलाल तथा नोकरशाही पुँजीवादको विकास र लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको कुरा दर्शाउँदै आज के भन्ने गरिएको छ भने नेपाल अब अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक अवस्थामा रहेन र यहाँ पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भइसक्यो । के वास्तवमा कुरा त्यही हो त ? बिल्कुलै होइन, यसवारे स्पष्ट हुन जरूरी छ ।

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रूपमा हुदै आएका केही परिवर्तनमाथि आवश्यक ध्यान दिंदै वर्तमान नेपालको सामाजिक आर्थिक संरचना, अवस्था र उत्पादन सम्बन्धलाई विभिन्न कोण तथा पक्षबाट निम्न अनुसार हेर्न र अध्ययन तथा विश्लेषण गर्न सकिन्छ :

पहिलोः भूस्वामित्वको दृष्टिले । एघारौं जनगणना अनुसार नेपालको कुल जनसंख्या दुई करोड ६४ लाख रहेको छ । त्यसमा दुई करोड ५ लाख ५३ हजार किसान परिवार रहेका छन् । अर्थात् ११ औं जनगणना अनुसार नेपालमा झण्डै ५४ लाख परिवार संख्या रहेको छ भने त्यसमा ३७,१६००० किसान परिवारको संख्या रहेको छ । यसप्रकार किसानहरूको उपस्थिति ७० प्रतिशत देखापर्दछ । छैटौं २०६८ मा गरिएको कृषि गणना अनुसार नेपालमा भूस्वामित्वको स्थिति यसप्रकार रहेको छः

| | कृषि चलन | | कृषि चलनको क्षेत्रफल | |
|---|---|---|---|---|
| कृषि चलनको आकार | संख्या हजारमा | प्रतिशतमा | क्षेत्रफल (हजार हे.मा) | प्रतिशतमा |
| ०.१ हेक्टर भन्दा कम | ३५५.५ | ९.६ | २०.१ | ०.८ |
| ०.१ हेक्टर -०.२ हे. भन्दा कम | ४६२.० | १२.४ | ६८.२ | २.७ |
| ०.२ हेक्टर -०.५ हे. भन्दा कम | १,१६९.५ | ३१.५ | ३९६.७ | १५.७ |
| ०.५ हेक्टर -१.० हे. भन्दा कम | ९८४.० | २६.५ | ६९५.१ | २७.६ |
| १.० हेक्टर -२.० हे. भन्दा कम | ५४९.० | १४.८ | ७४९.८ | २९.७ |
| २.० हेक्टर -३.० हे. भन्दा कम | १२९.४ | ३.५ | ३०८.६ | १२.२ |
| ३.० हेक्टर -४.० हे. भन्दा कम | ३९.५ | १.१ | १३४.४ | ५.३ |
| ४.० हेक्टर -५.० हे. भन्दा कम | १४.९ | ०.४ | ६५.४ | २.६ |
| ५.० हेक्टर -१०.० हे. भन्दा कम | १०.७ | ०.३ | ६९.२ | २.७ |
| १०.० हेक्टर र सो भन्दा बढी | १.१ | ०.० | १५.२ | ०.६ |
| जम्मा कृषिचलन (जग्गा भएका) | ३,७१५.६ | १००.० | २,५२२.५ | १००.० |

छैटौं कृषि गणना अनुसार ५३.५ प्रतिशत साना किसान परिवारको हातमा १९.२ प्रतिशत जमिन र ७.३ धनी किसान परिवारका हातमा २३.४ प्रतिशत जमिन रहेको छ । (छैटौं कृषि गणना सारसंक्षेप २०६८) । यसबाट नेपालमा एकातिर साना किसानहरूको बाहुल्य र अर्कोतिर जमिनको वितरणमा ठूलो असमानता रहेको देखिन्छ ।

दोस्रोः मोहियानी हक र अधिँया बटैयाका दृष्टिले । यहाँ कुत व्यवस्थामा आधारित मोहियानी प्रणाली प्रत्यक्ष तथा अप्रत्यक्ष दुबै रूपमा कायम छ । यद्यपि यी कुराहरूको स्पष्ट चित्र सरकारी तथ्यांकहरूमा देख्न सकिन्न । तर कतिपय आँकडाका अनुसार अहिले मोहीहरू २० प्रतिशत भन्दा बढी र वेदर्तावाल मोहीको अनुमानित संख्या चारलाख भन्दा बढी रहेको छ । (उच्च स्तरीय भुमिसुधार आयोगको प्रतिवेदन २०६८) । अर्को एक तथ्यांकका अनुसार अरुको जग्गा कमाउनेको संख्या ३१.६ रहेको छ । (Nepal living standard survey, 2010/11) साथै, अधियाँ तथा बटैया प्रथा पनि यहाँ कायमै छ । यसरी हेर्दा देश अझै अर्धसामन्ती अवस्थामा रहेको देखिन्छ ।

तेस्रोः निर्वाहमुखी कृषि प्रणालीका दृष्टिले । यहाँ परम्परागत निर्वाहमुखी कृषि प्रणालीको प्रधानता छ । कृषिमा आधुनिकीकरण र व्यावसायीकरण निकै न्यून छ । नेपाल सरकार उच्च स्तरीय भूमि सुधार आयोगको प्रतिवेदन (२०६८) का अनुसार सामन्तवादी उत्पादन प्रणालीका कारण नेपालको कृषि उत्पादन परम्परागत र निर्वाहमुखी नै छ ।

चौथोः कृषि क्षेत्रमा उत्पादन र उपयोगका दृष्टिले । २०६८ को कृषि गणनाअनुसार प्रमुख उत्पादनमा खाद्यान्न बालीमा संलग्न संख्या ९१.० प्रतिशत र तरकारी, फलफुल, पशुपालन, माछापालन आदिमा संलग्न संख्या ९ प्रतिशत रहेको छ । सो उत्पादनमध्ये घरायसी उपयोगका लागि ९६.२ प्रतिशत र बिक्रीका लागि ३.८ प्रतिशत रहेको छ । (राष्ट्रिय कृषि गणना २०६८ सारसङ्क्षेप, पृ. ३१, केन्द्रीय तथ्याङ्क विभाग) ।

पाँचौं : कुल गार्हस्थ्य उत्पादनको संरचनाका दृष्टिले । कुल ग्राहस्थ्य उत्पादनको संरचनाका दृष्टिले हेर्दा प्राथमिक क्षेत्र अर्थात् कृषिको स्थिति २०६६/६७ मा ३५.९१ थियो भने २०७२/७२ मा ३२.२३ प्रतिशत । २०७३/७४मा ३०.०० रहेको छ । अनि द्वितीय क्षेत्र अर्थात् उद्योगको स्थिति २०६६/६७ मा १४.६१ थियो भने २०७२/७३ मा १३.५७ प्रतिशत र २०७३/७४मा १४.०१ प्रतिशत रहेको छ । यसैगरी तृतीय क्षेत्र अर्थात् सेवाको स्थिति २०६६/६७ मा ४९.४८ थियो भने २०७२/७३ मा ५४.२० र २०७३/७४मा ५५.९९ प्रतिशत रहेको छ । (आर्थिक सर्वेक्षण २०७३/७४, तालिकाहरू, पृ. ८, नेपाल सरकार) । उक्त तथ्याङ्कमा एकातिर कृषि क्षेत्रको योगदानभन्दा उद्योगको कम छ भने अर्कोतिर दुवैको स्थिति घट्तै सेवा क्षेत्रको स्थिति बढ्दै गएको देखिन्छ । यसरी हेर्दा अझै पनि कुल ग्रार्हस्थ्य उत्पादनको संरचनाका दृष्टिले कृषिको योगदान ३०.०० प्रतिशत देखिनु र उद्योगको योगदान १४.०० प्रतिशत रहनु एवम् त्यो पनि घट्दै जानु, सेवा क्षेत्रको स्थिति ५६.०० प्रतिशत हुनुले नेपाल पुँजीवादी देश हो भन्न सकिने स्थिति देखिंदैन ।

छैटौंः उद्योगको स्थितिका दृष्टिले । आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनासम्म दर्ता तथा सञ्चालनका लागि स्वीकृति प्राप्त उद्योगहरूको संख्या ६८३४ रहेको छ । यस प्रकारका उद्योगहरूमा कृषि तथा वन, निर्माण, ऊर्जामूलक, खनिज, सेवा र पर्यटन रहेका छन् । यी उद्योगहरूमा पुँजी लगानीको स्थिति ऊर्जामूलक उद्योगमा ५२.९ प्रतिशत, उत्पादनमूलक उद्योगमा २३.१ प्रतिशत, सेवामूलक उद्योगमा १०.७ प्रतिशत, पर्यटन उद्योगमा ८ प्रतिशत, निर्माण उद्योगमा ३.४ प्रतिशत, कृषि तथा बनजन्य उद्योगमा कूल लगानिको १.६ प्रतिशत र खनिजजन्य उद्योगमा -०.३ प्रतिशत रहेको छ । (आर्थिक सर्वेक्षण, पृ. ७/८, २०७३/७४) ।यसैगरी देशमा ०७३/७४सम्म २ लाख ७० हजार १८८ घरेलु तथा साना उद्योग दर्ता भएका छन् । तर ती सबै चालु अवस्थामा छैनन् । यसबाट नेपालमा उद्योग व्यवसायको स्थिति निकै कमजोर रहेको देखिन आउँछ ।

सातौंः श्रमशक्तिको विभाजन र रोजगारीका दृष्टिले । नेपालमा श्रमशक्तिलाई मूलतः तीन भागमा विभाजित गरी अध्ययन गर्न सकिन्छ - ग्रामीण क्षेत्रको कृषिमा आधारित श्रमशक्ति, सहरी क्षेत्रको उद्योग व्यवसाय, व्यापार तथा सेवा आदिमा आधारित श्रमशक्ति र वैदेशिक रोजगारीमा आधारित श्रमशक्ति । केन्द्रीय तथ्यांक व्युरोका अनुसार कृषि क्षेत्रमा १९९५/९६मा ५३ प्रतिशत, २००३/०४मा ३७ प्रतिशत तथा २०१०/११मा ३५ प्रतिशत र गैर कृषि क्षेत्रमा सोही अवधिमा क्रमशः ४७प्रतिशत, ६३प्रतिशत तथा ६५ प्रतिशत श्रमशक्ति रहेको देखिन्छ । गैर कृषि क्षेत्रमा लागेको श्रमशक्तिमा मुख्यतः म्यानुफ्याक्चरिङ्ग, निर्माण निजी सेवा पर्दछन् । [Nepal Living Standards Survey 2010/11, Statistical Report Volume Two, 2011 Page 62]

औद्योगिक श्रमशक्ति र रोजगारीका दृष्टिले हेर्दा माथि छैटौं बुंदामा उल्लेख गरिएका उद्योगहरूमा मजदुरहरूको संलग्नताको स्थिति ५,३६,१८१ देखिन आउँछ । (आ.स. २०७३/७४, पृ. १६०) । यसरी हेर्दा नेपालमा औद्योगिक श्रमशक्तिको स्थिति निकै कमजोर रहेको पाइन्छ ।त्यसमा घरेलु तथा साना उद्योगहरूमा संलग्न श्रमशक्ति ६५ हजारको हाराहारीमा देखिन आउंछ । यी दुबैलाई जोडदा उद्योगमा लागेको श्रमशक्ति करीव ६ लाख पुग्न आउँछ ।

वैदेशिक रोजगारीका दृष्टिले हेर्दा स्थिति निकै भयावह देखिन्छ । देशमा बेरोजगारी, अर्धबेरोजगारी र छद्म बेरोजगारी निकै व्याप्त छ । देशमा रोजगारीको अभावमा विदेशमा रोजगारीका लागि जाने युवाशक्तिको संख्या तीव्र रूपमा बढ्दै गएको छ । आर्थिक वर्ष २०७२/७३ सम्ममा ३६ लाख १९ हजार ८१ जना रहेकोमा आर्थिक वर्ष २०७३/७४ को प्रथम आठ महिनामा श्रमस्वीकृति लिई वैदेशिक रोजगारीमा जाने संख्या १ लाख ८६ हजार १ सय ६६ जना थप भएका छन् । यसरी हेर्दा विदेशमा जानेको संख्या ३८ लाख ६ हजार १ सय ४७ पुगेको छ । (आ.स., उक्त पृ. ११९) । यस बाहेक श्रम स्वीकृति नलिई जानेको संख्या ठूलै रहेको छ । उक्त सङ्ख्याका अतिरिक्त अझै ठूलो संख्या वर्षौंदेखि भारतमा रोजगारीका लागि जानेहरूको रहेको छ । यसरी देशको कुल जनसंख्याको झण्डै एक तिहाई हिस्सा वैदेशिक रोजगारीमा गएको पाइन्छ । यसैले नेपालमा अर्धवेरोजगार र वेरोजगारहरूको अवस्था निकै निराशाजनक देखिन्छ । एकातिर विदेशमा गएका प्रायशः यी सबैको सम्बन्ध नेपालको सानो जोतवाला निर्वाहमुखी कृषि प्रणालीसित रहेको छ भने अर्कोतिर रोजगारीमा जानेहरूको संख्या घट्न थालेको छ र विदेशमा रोजगारीको पनि कुनै सुनिश्चितता छैन । ठूलो मात्रामा जग्गा जमिन बाँझै राखेर अनिश्चित रोजगारीको यात्रामा जानुलाई ज्यालादारी श्रमिकको पहिचान र पुँजीवादको विकासको मूल लक्षणका रूपमा प्रस्तुत गर्न मिल्दैन ।

आठौंः गार्हस्थ्य कर्जा दिने एजेन्सीमा दृष्टिले । गृहस्थीहरूलाई कर्जा दिने संस्थाको अवस्था १९७१/७२ मा बैंकहरू तर्फ १८.०, साहु महाजनहरू तर्फ ४९.० र नाता गोता तर्फ ३३.० प्रतिशत रहेकोमा २०१०/११ मा बैंकहरू तर्फ २०.० साहु महाजनहरू तर्फ २५.१ र नाताहरू तर्फ ५१.१ प्रतिशत रहेको देखिन आउँछ । (CBS Nepal-Nepal Living Standard Survey, 2010/11 Highlights)। उक्त तथ्यांकको आधारमा के स्पष्ट हुन्छ भने हाम्रो देशमा कर्जा प्रवाहका क्षेत्रमा बैंकहरूको भूमिका अत्यन्तै न्यून र पुरानै परम्परा अनुसारको साहु महाजन तथा आफन्तहरूबाट ऋण लिने चलन निकै बढी देखिन आउँछ । यो पुँजीवादको विकासको द्योतक होइन ।

नवौंः वचत र लगानीका दृष्टिले । नेपालमा प्रारम्भिक पुँजी सञ्चय र केन्द्रीकरणको प्रक्रिया राम्रोसित विकसित हुन सकेन । सामन्तहरूद्वारा कृषिबाट प्राप्त अतिरिक्त मूल्यलाई विलासितामा खर्च गर्ने प्रवृत्ति, घर घडेरी लगायत अनुत्पादक क्षेत्रमा खर्च गर्ने चिन्तन, सरकारमा उद्योगहरूको संरक्षण तथा स्वदेशी लगानीका लागि प्रोत्साहित गर्ने सोचको अभाव, अन्तरिक तथा बाह्य बजारको अनिश्चितता जस्ता कारणले नेपालमा राष्ट्रिय उद्योग व्यवसायमा गंभीर समस्या पैदा हुँदै आएका छन् । साथै अहिले एकातिर उत्पादन होइन वित्तीय क्षेत्रतिर लगानीको प्रवृत्ति बढ्दै गएको छ भने अर्कोतिर विदेशीहरूद्वारा भएका लगानीको प्रतिफल आफ्नै देशमा फर्काउने स्थितिले पुँजी पलायनको अवस्थालाई संकेत गर्दछ । यो स्थिति देश अझै अर्ध सामन्ती तथा अर्ध औपनिवेशिक अवस्था र नवउदारवादी अर्थतन्त्रको चपेटामा परेको छ भन्ने कुराको एउटा गतिलो प्रमाण हो ।

दशौं : वित्तीय बजारका दृष्टिले । वित्तीय बजार अन्तर्गत पुँजीबजार र मुद्रा बजार पर्दछन् । १९९४ मा नेपाल राष्ट्र बैंक लिमिटेड र २०१६ मा नेपाल औद्योगिक विकास निगमको स्थापना पश्चात् नेपालमा सुरु भएको पुँजीबजार नेपाल धितोपत्र विनिमय केन्द्र हुँदै २०५० मा नेपाल स्टक एक्स चेन्जसम्म पुग्दा व्यवस्थित रूपमा अगाडि बढ्यो । यसले बचत, लगानी, शेयर ऋणपत्र आदिका माध्यमबाट अर्थतन्त्रमा आफ्नो भूमिका खेल्दै आएको छ । मुद्रा बजारमा मुद्राको कारोबार गरिन्छ । केन्द्रीय बैंक, वाणिज्य बैंक आदिले मुद्रा बजारमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । वित्तीय बजार मुद्राबाट मुद्रा बनाउने अर्थात् पैसाबाट पैसा कमाउने बजार हो । यो मुद्रा-माल-मुद्रा होइन, मुद्रा-मुद्रा को सूत्र अनुसार चल्दछ । यो वित्तीय पुँजीवादको अभिन्न अंग हो । नेपालमा वित्तीय बजार बढ्दै जानुको कारण उत्पादनमूलक उद्योग कमजोर बनेका छन् ।

एघारौंः व्यापार तथा पारवहनका दृष्टिले । व्यापार आन्तरिक तथा बाह्य दुई प्रकारका हुन्छन् । नेपाल एकातिर अर्ध तथा नव औपनिवेशिक अवस्थामा हुनु र अर्कोतिर भूपरिवेष्ठित अवस्थामा रही पारवहनका समस्या झेल्नु पर्नाका कारण व्यापारका आन्तरिक र बाह्य दुवै क्षेत्रमा गम्भीर समस्या झेल्दै आउनु परेको छ । साथै, नेपालको व्यापारलाई उदारीकरण अर्थात् खुला बजार अर्थतन्त्रले ध्वस्त बनाएको छ । प्राकृतिक तथा मानवीय स्रोत साधनलाई देश तथा जनताको हितमा परिचालन नगर्नु, कृषि तथा कृषिजन्य उत्पादनको वृद्धिमा आवश्यक ध्याननदिनु, अप्रशोधित तथा सस्तो मूल्यका वस्तु निर्यात र प्रशोधित तथा महंगा वस्तुको आयात गर्न बाध्यहुनु, बलियो अर्थतन्त्र भएका मुलुकसित प्रतिस्पर्धा गर्न सक्ने स्थिति नहुनु र सरकार संरक्षण गर्ने कामबाट पनि भाग्दै जानु आदिको कारण देशले प्रतिवर्ष गम्भीर व्यापार घाटा भोग्न बाध्य हुनुपरेको छ ।

बाह्रौंः वैदेशिक ऋण तथा सहायताका दृष्टिले । नेपालले २००७ साल भन्दा पहिलेबाट वैदेशिक सहायता प्राप्त गर्न शुरु गरे पनि २००९ सालबाट नियमित रूपमा वैदेशिक सहायता प्राप्त गर्न थाल्यो । नेपाललाई २००७ सालभन्दा पहिले ब्रिटिश भारत र २००९ सालमा सहायता दिने अमेरिका थिए । सन् १९५६-६१ को पहिलो आर्थिक योजनाको विकास खर्च १००.०० प्रतिशत वैदेशिक सहायतामा आधारित थियो । त्यसयता दशौं योजना २००२-२००७ सम्म आउँदा वैदेशिक सहायताको दर घटबढ हुँदै ५६.६ प्रतिशत रहन गयो र यसरी वैदेशिक सहायता दर ६१.६ प्रतिशत रहन गएको छ र यसलाई अर्थशास्त्रीहरू चिन्ताको विषय बताउँछन् ।

वैदेशिक सहायताका दुई पक्ष छन्- ऋण र अनुदान । नेपालले यी दुवै प्रकारका सहायता लिंदै आएको छ । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको सदस्य भएपछि १९६९ देखि नेपालले सहायता समूहबाट सहायता प्राप्त गर्न थाल्यो । नेपाललाई प्राप्त हुने वैदेशिक सहायता दुई पक्षीय र बहुपक्षीय अर्थात् केही राष्ट्रहरू र अन्तर्राष्ट्रिय संघसंस्थाहरू रहेका छन् । नेपाललाई सहायता दिने देशहरूमा अमेरिका, भारत, पूर्व सोभियत संघ,चीन, जर्मनी, बेलायत, आदि रहेका छन् । यसरी सहायता प्रदान गर्ने अन्तर्राष्ट्रिय वित्तीय संघसंस्थाहरूमा विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एशियाली विकास बैंक, संयुक्त राष्ट्र विकास कार्यक्रम, युरोपीय युनियन, ग्लोबल फण्ड आदि पर्दछन् ।

विगत ६ वर्षको कूल राष्ट्रिय बजेट विनियोजनमा वैदेशिक सहायताको योगदान तुलनागरी हेर्दा २०५६/६७ मा सहायताको अंश २७.४६ प्रतिशत रहेकोमा आर्थिक वर्ष ७१/७२ मा २०.०५ प्रतिशत हुन गएको देखिन्छ । (विकास सहायता प्रतिवेदन, आर्थिक वर्ष ७१/७२, पृ. १७) ।

वैदेशिक ऋण र सहायतालाई नवउपनिवेशवादको एउटा बलियो आर्थिक आधार तथा माध्यमका रूपमा लिइन्छ । यद्यपि सबै वैदेशिक ऋण र सहायतालाई एउटै घानमा हाल्न त नमिल्ला तर यस प्रकारको ऋण र सहायताको मूल चरित्र नवऔपनिवेशिक नै हो ।

तेह्रौंः वर्गीय संरचनाका दृष्टिले । वर्गीय संरचनाका दृष्टिले नेपालमा मूलतः चार प्रकारका वर्ग देखिन्छन्, ती हुन्- प्रतिक्रियावादी वर्ग, उत्पीडित तथा श्रमिक वर्ग, निम्न पुँजीपति वर्ग र मध्यम वर्ग । नेपाली समाजको स्वरूप अर्ध सामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहिआएको सन्दर्भमा यहाँ दलाल तथा नोकरशाही पुँजीपति एवम् जमिनदार वर्ग प्रतिक्रियावादी वर्ग अर्न्तगत पर्दछन् र यिनमा सामन्त वा जमिनदार वर्गको गौण एवम् दलाल तथा नोकरशाही पुँजीपति वर्गको भूमिका प्रधान रहन गएको छ । यिनले साम्राज्यवाद तथा विस्तारवाद र सामन्तवादका हक, हित तथा स्वार्थमा आधारित पिछडिएको उत्पादन सम्बन्धको प्रतिनिधित्व गर्दछन् र यी नयाँ उत्पादक शक्तिको विकासका अवरोधक रहिआएका छन् । राज्यसत्तामा यिनै वर्गको नेतृत्व तथा अधिनायकत्व कायम छ । केही वर्षयता कतिपय वाम, प्रगतिशील र कम्युनिस्ट रहिआएकाहरूको पनि दलालीकरणको प्रक्रिया बढ्दै गएको छ । देशमा नवअभिजात, नवधनाढ्य र नवदलालहरूको वर्चस्व बढ्दै जान थालेको छ ।

*क्रमशः*



# कास्की अभियान डायरी

## क्रान्तिकारी सुकुम्बासी संगठनमा यसरी संगठित हुँदैछन् सुकुम्बासीहरू

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संगठनमा कास्की जिल्लाका सुकुम्बासीहरू संगठित हुने क्रम बढ्दो छ । क्रान्तिकारी माओवादीको जारी तीन महिने संगठन विस्तार अभियान अन्तर्गत जिल्लाका सुकुम्बासीहरू धमाधम क्रान्तिकारी सुकुम्बासी संगठनमा संगठित भएका छन् । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका ४ नं. प्रदेश संयोजक केशबहादुर परियारले दिएको जानकारी अनुसार हालै सम्पन्न भएका भेलाहरूले पोखरा लेखनाथ महानगरका विभिन्न वडाहरूमा सुकुम्बासीहरू संगठित भएका हुन् ।

प्राप्त समाचार अनुसार पोखरालेखनाथ महानगर वडा नं. १४ को भोटेचौतारामा इकाई समिति गठन भएको छ । चन्द्रवति सिलवाल संयोजक र राज पुन सहसंयोजक रहेको इकाई समितिका सदस्यहरूमा श्रृजना पोखेल, रेल कुमारी श्रेष्ठ, सोनु वि.क., रत्न विक्रम शाहशंकर, ज्ञानिमाया परियार, तुलसी वि.क., हाइ वहादुर सुनार र इन्दिरा परियार रहनु भएको छ । उक्त अवसरमा सुकुम्बासी मोर्चा कास्की जिल्ला इन्चार्ज भोजराज त्रिपाठी, अखिल नेपाल मजदुर संगठन (क्रान्तिकारी) का केन्द्रिय सदस्य कर्ण वहादुर पुन, अनेमसंघ केन्द्रिय सदस्यहरू कल्पना थापा, तमु राष्ट्रिय मुक्ति मोर्चा केन्द्रिय सदस्य टेकवहादुर गुरुङ्ग, सुकुम्बासी मोर्चा कास्की जिल्ला संयोजक संजय कार्की लगायतको उपस्थिति रहेको उक्त कार्यक्रमको अध्यक्षता मिरा वि.क. र सञ्चालन उर्मिलाले गर्नु भएको थियो ।

त्यसैगरी पोखरालेखनाथ महानगर वडा नं. २५ को हेम्जामा इकाई समिति गठन भएको छ । अध्यक्ष– मनमाया घर्ति, उपाध्यक्ष– राम वहादर वि.क., सचिव–सुनिल नेपाली, कोषाध्यक्ष–हिरा वि.क., सदस्यहरू राम प्यारी परियार, तिल कमारी श्रीपाली, दिल कुमारी रोक्का मगर, बुद्धिसरा पुन र दिल माया रोक्का मगर रहनु भएको छ । सुकुम्बासी मोर्चा कास्की जिल्ला इन्चार्ज भोजराज त्रिपाठीको विषेश उपस्थिती रहेको उक्त कार्यक्रमको अध्यक्षता जाल वहादुर विश्वकर्मा, स्वागत ज्योती सुनार सञ्चालन उर्मिलाले गर्नु भएको थियो ।

त्यस्तै पोखरालेखनाथ महानगर वडा नं. ३३ को भरतपोखरीमा इकाई समिति गठन भएको छ । राजकुमार सुनार संयोजक र तपसिल तामाङ्ग सहसंयोजक रहेको इकाई समितिका सदस्यहरूमा प्रेमराज मश्राङ्गी, कमला गुरुङ्ग, अमृत बस्याल, अविनास बस्नेत, बिमल श्रेष्ठ, पार्वती बडुवाल र मान वहादुर गुरुङ्ग रहनु भएको छ । सुकुम्बासी मोर्चा कास्की जिल्ला इन्चार्ज भोजराज त्रिपाठी, अनेमसंघ केन्द्रिय सदस्यहरू कल्पना थापाको विषेश उपस्थिती रहेको उक्त कार्यक्रमको अध्यक्षता तपसिल तामाङ्ग, स्वागत प्रेमराज मश्राङ्गी, सञ्चालन राजकुमार सुनारले गर्नु भएको थियो ।

प्राप्त समाचार अनुसार पोखरालेखनाथ महानगर वडा नं. ५ को पर्स्याङ्गमा इकाई समिति गठन भएको छ । देउकुमार वि.क. संयोजक र तारानाथ थापा मगर सहसंयोजक रहेको इकाई समितिका सदस्यहरूमा रिता वि.क., सपना वि.क., पुर्ण वहादुर कार्की, सुरेश थापा मगर, होम श्रीसमगर, राजकुमार वि.क., तिलकुमारी वि.क. र लक्ष्मी वि.क. रहनु भएको छ । सुकुम्बासी मोर्चा कास्की जिल्ला इन्चार्ज भोजराज त्रिपाठी, अनेमसंघ केन्द्रिय सदस्यहरू कल्पना थापा, अखिल नेपाल मजदुर संगठन (क्रान्तिकारी) का केन्द्रिय सदस्य कर्ण वहादुर पुन, अनेमसंघ जिल्ला अध्यक्ष उर्मिला श्रीस, सचिव धनमाया थापा, नेपाल दलित मुक्ति मोर्चा कास्की जिल्ला संयोजक राजकुमार सुनारको विषेश उपस्थिती रहेको उक्त कार्यक्रमको अध्यक्षता जाल वहादुर रसाइली स्वागत कुलवहादुर विश्वकमा र सञ्चालन बाबुराम मिझारले गर्नु भएको थियो ।

### विशाल संयुक्त भेला सम्पन्न

पोखरा । पोखरा लेखनाथ महानगर वडा नं. ११ को फूलवारीमा इकाई समिति गठन भएको छ । रूपा सुनार संयोजक र दिल कुमारी सुनार सहसंयोजक रहेको इकाई समितिका सदस्यहरूमा कृपा रसाइली, रेजीना गोतामे, हिरा लाल सुनार, भले सुनार, प्रिया नेपाली र बिना नेपाली रहनु भएको छ । सुकुम्बासी मोर्चा कास्की जिधल्ला इन्चार्ज भोजराज त्रिपाठी, अनेमसंघ केन्द्रिय सदस्यहरू कल्पना थापा, अखिल नेपाल मजदुर संगठन (क्रान्तिकारी) का केन्द्रिय सदस्य कर्ण वहादुर पुन, अनेमसंघ जिल्ला अध्यक्ष उर्मिला श्रीस, सचिव धनमाया थापा, नेपाल दलित मुक्ति मोर्चा कास्की जिल्ला संयोजक राजकुमार सुनार, क्रान्तिकारी युवा लिग नेपाल कास्की जिल्ला संयोजक कुलवहादुर विश्वकर्मा, नेपाल दलित मुक्ति मोर्चा कास्की जिल्ला सदस्य बाबुराम मिझारको उपस्थिति रहेको उक्त कार्यक्रमको अध्यक्षता रूपा सुनार र सञ्चालन उर्मिलाले गर्नु भएको थियो ।

त्यसैगरी कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका स्तरीय संयुक्त विशाल भेला चैत्र १५ गते लुम्लेमा सम्पन्न भएको समाचार छ । देउ कमारी खडकाको अध्यक्षतामा सम्पन्न उक्त संयुक्त भेलाले देशभक्त जनगणतात्रिक मोर्चा, नेपाल, महिला मोर्चा, दलित मोर्चा, सुकुम्बासी मोर्चा र युवा मोर्चाको अन्नपुर्ण गाउ'पालिका समितिहरू गठन गर्न सफलको छ । ने. के. पा. (क्रान्तिकारी माओवादी) पोलिटब्यूरो सदस्य तथा देशभक्त जनगणतात्रिक मोर्चा, नेपाल ४ नं. प्रदेश संयोजक केशवहादुर परियारको प्रमुख आतित्थ्यतामा सम्पन्न उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य अरुणको विषेश आतिथ्यता रहेको थियो ।

भेलामा अखिल नेपाल महिला संघ (क्रान्तिकारी) केन्द्रीय सदस्य कल्पना थापा, अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संगठन कास्की जिल्ला इन्चार्ज भोजराज त्रिपाठी, नेपाल दलित मुक्ति मोर्चा कास्की जिल्ला संयोजक राजकुमार सुनार, अिनेरास्ववियू कास्की जिल्ला संयोजक सम्झना परियार, क्रान्तिकारी युवा लिग नेपालका सदस्य ज्योति सुनार समेत भेलाको पूर्ण सफलताको शुभकामना ब्यक्त गर्नु भएको थियो । भेलाले देजमो, दलित, सुकुम्बासी, महिला र युवाको संगठन निर्माण गरेको छ ।

**देजमो संयोजकमा आइतकली विक**

उक्त भेलाले आइतकली विकको संयोजकत्वमा ४ जना सदस्य पछि थप गर्ने गरी हाल ११ जनाको देशभक्त जनगणतात्रिक मोर्चा, नेपाल अन्नपूर्ण गाउ'पालिका समिति गठन गरेको छ । सदस्यहरूमा आसमाया बि.क., सष्मा बि. क., सरिता बि.क., रन्जना सुनार, धनकाजी सुनार, सर्य वहादुर बि.क., उजेली बि.क., शोभा बि.क., मक्तिराम बि.क. र ममिता सुनार रहेका छन् ।

**नेपाल दलित मुक्ति मोर्चा संयोजकमा आकांक्षा रोका**

त्यसै गरी उक्त संयुक्त भेलाले आकांक्षा रोकाको संयोजकत्वमा ४ जना सदस्य पछि थप गर्ने गरी हाल ७ जनाको नेपाल दलित मुक्ति मोर्चा अन्नपुर्ण गाउ'पालिका समिति गठन गर्न सफलको छ । सदस्यहरूमा रन्जीता सुनार, सुनिता खडका, पार्वती सुनार, शिला बि.क., बिष्णु घताने र रामचन्द्र बि.क.रहेका छन् ।

**अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संगठनको संयोजकमा शिला विक**

त्यसै गरी उक्त संयुक्त भेलाले शिला बि.क. को संयोजकत्वमा १ जना सदस्य पछि थप गर्ने गरी हाल १० जनाको अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संगठन अन्नपुर्ण गाउ'पालिका समिति गठन गर्न सफलको छ । सदस्यहरूमा आसमाया बि.क., रूपा सुनार, गंगा बि.क. कुमारी सुनार, बिष्णु बि.क., आइत कली बि.क., माया मगर, आसमाया सुनार र मंगली बि.क. रहेका छन् ।

**अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को संयोजकमा विष्ण घताने**

त्यसै गरी उक्त संयुक्त भेलाले बिष्णु घतानेको संयोजकत्वमा २ जना सदस्य पछि थप गर्ने गरी हाल ९ जनाको अखिल नेपाल महिला संघ (क्रान्तिकारी) अन्नपुर्ण गाउ'पालिका समिति गठन गर्न सफलको छ । सदस्यहरूमा कुमारी सुनार, उजेली बि.क., आइत कली बि.क., जुना बि.क., पार्वती सुनार, रूपा सुनार, माया मगर र रस कुमारी बि.क. रहेका छन् ।

**क्रान्तिकारी युवा लिग नेपालको संयोजकमा रामचन्द्र विक**

त्यसै गरी उक्त संयुक्त भेलाले रामचन्द्र बि.क.(क) को संयोजकत्वमा ३ जना सदस्य पछि थप गर्ने गरी हाल ९ जनाको क्रान्तिकारी युवा लिग नेपाल अन्नपुर्ण गाउ'पालिका समिति गठन गर्न सफलको छ । सदस्यहरूमा राजकुमार बि.क., बिनिता बि.क., सृजना सुनार, प्रेम वहादुर सुनार र रामचन्द्र बि.क. (ख) रहेका छन् ।

उक्त अवसरमा क्रान्तिकारी युवा लिग नेपालका केन्द्रीय सदस्य इन्द्र गुरुङ्ग, देशभक्त जनगणतात्रिक मोर्चा, नेपाल कास्की जिल्ला कमिटि उपाध्यक्ष बिष्णु राना, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) कास्की जिल्ला सदस्य उर्मिला श्रीस, लक्ष्मी वि.क. लगायतको विषेश उपस्थिति रहेको थियो । भेलामा स्वागत मन्तब्य संजय कार्की र सञ्चालन बाबुराम मिझारले गर्नु भएको थियो । अन्तमा संगठनको महत्व र अहिलेको समसामयिक राजनीतिक सन्दर्भमा बोल्दै मजदुर मोर्चा केन्द्रीय सदस्य कर्ण वहादुर पुनले नवगठित अन्नपूर्ण गाउ' पालिका स्तरीय प'ाचवटै समितिहरूलाई बधाई दिनु भएको थियो ।

### पार्टी प्रकाशन लुट्ने प्रहरीमाथि कारबाही गर्न क्रान्तिकारी माओवादीको माग

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी)का कास्की सचिव हेमन्तले एक प्रेस वक्तव्य जारी गर्दै आफ्नो परिचय दिंदा दिंदै र लाइसेन्स, विलबुक लगायत कागजात देखाउँदा देखाउँदै पनि पार्टीका पोखरा लेखनाथ वडा नं. ३३ का सचिव राजकुमार सुनारमाथि सुरक्षा जाँचको नाममा अभद्र व्यवहार गरेको र पार्टी प्रकाशनहरू लुटेर लगेको भन्दै कानुनी राज्यको धज्जी उडाउने ट्राफिक प्रहरीमाथि कारबाही गर्न माग गर्नुभएको छ । वक्तव्यमा जनाइएको छ, '०७४ चैत्र साँझ करिब ८ बजे पृथ्वीराजमार्ग अन्तर्गत मिलन चलचित्र भवन पावरहाउस लेखनाथ नजिक प्रहरी चेकपोष्ट परिसरमा ट्राफिकसहितका प्रहरीहरूले तनहुँबाट पोखरा आउँदै गरेका नेकपा (क्रान्तिकारी माओवादी)का पोखरा लेखनाथ वडा नं. ३३ का सचिव क.राजकुमार सुनारसहित चढेको ग ७ प ९५८३ नम्बरको मोटरसाइकल चेकजाँचकाा नाममा आवश्यक काजजातहरू देखाउँदा देखाउँदै पनि तँ कुन पार्टीको हो ? नेताका नाम र नम्बर बताउन दबाब दिंदै निज सुनारसँग गरेका चैत्र १२ मा प्रकाशित वर्गदृष्टि साप्ताहिक पत्रिका, युवा मोर्चालगायतका रसिद प्याड, पार्टी प्रकाशन र अन्य महत्वपूर्ण कागजातहरू खोसी एक हजार समेतको जबर्जस्ती रसिद काट्ने कार्य भएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।'

वक्तव्यमा लुटिएका पार्टी प्रकाशन लगायतका सामग्री अबिलम्ब फिर्ता गरी कानुनी राज्यको अनुभूति दिलाउन र सुरक्षा जाँचका नाममा कानुनी राज्यको धज्जी उडाउने प्रहरीलाई कारबाही गर्न माग गरिएको छ ।

# चितवन अभियान डायरी

## चितवनको माडी नगरमा देजमो भेला सम्पन्न

चितवन । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले माडी नगर भेला सम्पन्न गरेको छ । मोर्चाका केस तथा जिल्ला संयोजक अशोक शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न नगरभेलाले चन्द्र प्रसाद सुवेदी अध्यक्ष्यतामा दुई सदस्य पछि थप्ने गरि १७ सदस्यीय नगर समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा प्रेम आचार्य, सचिवमा तोरण परियार , सह-सचिव टंक वस्ताकोटी र कोषाध्यक्ष्यमा तारा विक रहनुभएको छ भने अन्य सदस्यहरूमा क्रमशः सुर्य पौडेल, फिरल महतो, सावित्री पौडेल, सरिता वि क, तिलक अधिकारी, भविश्वर महतो, सरोज लामिछाने, रेणु घताने, टंक सुवेदी, र गंगा घिमिरे रहनु भएको छ । भेलामा ईलाका सेक्रेटरी देवीलाल पौडेललगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## चितवनमा अखिल (क्रान्तिकारी)को संगठन निर्माण तीव्र

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले जिल्लाका विभिन्न कलेजहरूमा दर्जनौं संगठन निर्माण गरेको छ । अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य अमृत चपाईले दिएको जानकारी अनुसार सहिद पृथ्वी बहुमुखी क्याम्पस, स्कूल अफ हेल्थ साइन्स, नेश्नल कलेज अफ टेक्निकल साइन्स कलेज, सिआइटिएस कलेजलगायतका कलेजमा संगठन निर्माण गरेको छ ।

प्राप्त समाचार अनुसार चितवनको माडीमा रहेको भुवानी शंकर बहुमुखी कलेमा अखिल (क्रान्तिकारी)ले ज्ञापन पत्र पेश गरेको छ । आइतबार पेश गरिएको ज्ञापन पत्रमा क्रान्तिकारीले छात्रवृतिको नतिजा तत्काल सार्वजनिक गर्नुपर्ने, पूर्णकालीन सेवा दिन नसक्ने कर्मचारीलाई तत्काल आमसिक सेवा लैजानुपर्ने, छात्रवृत्तिको नाममा भइरहेको सार्वजनिक सम्पत्तिको दुरूपयोग अन्त्य गर्दै उठ्नु पर्ने बेरुजु रकम तुरुन्त सार्वजनिक गर्नुपर्नेलगायतका मागहरू अगाडि सारेको छ ।

यसैबीच, आइतबार भुवानी शंकर बहुमुखी कलेजमा अखिल (क्रान्तिकारी)ले इकाई कमिटि पुनर्गठन गरेको छ । अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य अमृत चपाईको प्रमुख आतिथ्यतामा समीर बस्नेतको अध्यक्षतामा संगठन पुनर्गठन गरिएको हो । जि.स. अर्जुन विष्टको विशेष उपस्थितिमा सम्पन्न उक्त भेलाले पुनर्गठित इकाई समितिको उपाध्यक्षमा रबिन श्रेष्ठ, सचिवमा विवेक गुरुङ, सहसचिव सुमन सुनार, कोषाध्यक्ष करण चौधरी र सदस्यहरूमा सागर दराई, प्रदिप कुँवर, अविशेक बुर्लाकोटी, कुमार गुरुङ, सिमन श्रेष्ठ, रामबाबु ढुवाडी, जीत बहादुर गुरुङ, विश्वास लामिछाने, सोम गुरुङ, निर्मल चेपाङ, प्रकास दराई, सन्तोष हुमागाई, रामनाथ चौधरी, बादल चौधरी, गगन चौधरी र हिमाल श्रेष्ठ लगायतलाई चयन गरेको छ ।

# ललितपुर अभियान डायरी

● कुमार भट्टराई

ललितपुर । नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरमा पार्टीको जारी संगठन विस्तार, सुदृढीकरण तथा जनपरिचालन अभियान जारी भइरहेको छ । माघ, फाल्गुन र चैत्रमा जिल्लाका विभिन्न स्थानमा संगठनहरू निर्माण भएका छन् । पार्टी जिल्ला पार्टी सेक्रेटरी श्याम केसीको कमाण्डमा अभियान टोली गठन गरी परिचालन गरिएको अभियान टोलीले पार्टी, देजमो, जबस, मोर्चाका विभिन्न संठनहरू निर्माण गरेको छ ।

पछिल्लो पटक चैत ३ गते महालक्ष्मी नगरपालिकामा जिल्ला पार्टी इन्चार्ज जीवनको प्रमुख आतिथ्यतामा नगर पार्टी इन्चार्ज अर्जुनलाल श्रेष्ठको सञ्चालनमा निर्माण मजदूरहरूको भेलाले अखिल नेपाल क्रान्तिकारी निर्माण मजदूर संघ नगर कमिटि गठन गरेको छ । अध्यक्ष मोहन मगर, उपाध्यक्ष दल बहादुर पाखिन, सचिव चन्द्र थपलिया र सदस्यहरू कल्याण मगर, प्रकाश बस्नेत, कुमार सुब्बा, भिम बहादुर गुरुङ, मान बहादुर लामा र सीताराम भुजेल रहनु भएको छ । उक्त भेलामा देजमोका केन्द्रीय सदस्य ईन्दिरा अधिकारी, बुद्धिजीवी संगठनका ललितपुर जिल्ला अध्यक्ष कुमार भट्टराईको उपस्थिति रहेको थियो ।

त्यसैगरी चैत १० गते जिल्ला पार्टी इन्चार्ज जीवन, सेक्रेटरी श्याम केसी र जिल्ला सचिवालय सदस्य अर्जुनलाल श्रेष्ठको उपस्थितिमा ललितपुर महानगर देजमोको भेलाले इन्दिरा अधिकारीको संयोजकत्वमा ९ सदस्यीय भेला आयोजक कमिटि निर्माण गरिएको छ । सदस्यहरू प्रमिला अमात्य, सुरज आले, सुजन क्याप्छाकी मगर, आशिष लिम्बू, लक्ष्मी सापकोटा, कल्पना राई, रिन्दू महर्जन र सुवास अछामी रहनु भएको छ ।

त्यस्तै चैत १० गते नै ललितपुरको लगनखेलमा यातायात मजदुरहरूको भेलाले अखिल नेपाल क्रान्तिकारी यातायात मजदूर संघ जिल्ला समिति ललितपुर गठन गरेको छ । अध्यक्ष सुरेन्द्र पाण्डे, उपाध्यक्ष सुजन मगर, सचिव प्रेम श्रेष्ठ, कोषाध्यक्ष प्रकाश थापा र सदस्यमा धन कुमार राई र बाँकी सदस्य पछि थप्ने गरी ९ सदस्यीय कमिटि निर्माण गरिएको छ । उक्त मजदूर भेलामा प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य तथा अ.ने.क्रा.ट्रे.यू. केन्द्रीय संयोजक ईश्वर तिमिल्सना, जिल्ला इन्चार्ज जीवन, सेक्रेटरी श्याम केसी, देजमोका के. सदस्य इन्दिरा अधिकारी र अ.ने.क्रा.ट्रे.यू. ३ नं. प्रदेश संयोजक अर्जुनलाल श्रेष्ठको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी युवा लिग काठमाडौंको भेला सम्पन्न

काठमाडौं । क्रान्तिकारी युवा लिग, नेपाल काठमाडौंको प्रथम जिल्ला भेला सम्पन्न भएको छ । पार्टी कार्यालय बुद्धनगरमा शनिबार सम्पन्न भेलाले असल वाइवाको संयोजकत्वमा २१ सदस्यीय जिल्ला समिति निर्माण गरेको छ । समितिमा कीर्ति राई, नवराज भुजेल, दर्शन शर्मा, नविन खत्री, सुरेश तामाङ, लक्ष्मण आले, विक्रम अमात्य, दिलकुमार कार्की, विकास के.सी., हेमन्तजङ्ग मोक्तान, प्रदिप रेग्मी, राधाकृष्ण थापा सहित ५ सदस्य पछि थप्ने गरी समिति निर्माण गरिएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौं जिल्ला इञ्चार्ज सुरेश श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भेलामा क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जनको विशेष आतिथ्यता रहेको थियो । भेलामा काठमाडौं जिल्ला सेक्रेटरी सरु, देशभक्त जनगणताान्त्रिक मोर्चा, नेपालका सचिवालय सदस्य हरि कृष्ण गजुरेल, लिगको ३ नं प्रदेश संयोजक केशब न्यौपाने सहित इलाका इञ्चार्ज र सेक्रेटरीहरू अतिथिको रूपमा उपस्थिति रहेका थिए । सुरेश तामाङले सञ्चालन गरेको भेलाको असल वाइवाले अध्यक्षता गरेका थिए ।

## रामेछाप-उपत्यका जनगणतान्त्रिक सम्पर्क मञ्चको भेला आयोजक कमिटी गठन

काठमाडौं । रामेछाप-उपत्यका जनगणतान्त्रिक सम्पर्क मञ्चको भेला सम्पन्न भएको छ । भेलाले गणेश पौडेलको संयोजकत्वमा ११ सदस्यीय भेला आयोजक कमिटी निर्माण गरेको छ । कमिटीमा सह-संयोजक रमेश बोहरा सहित सदस्यहरू जित बहादुर देवकोटा, सुजन मगर, सेरबहादुर तामाङ्ग, राजन लामा, कुमार खाती, मनोज बुढाथोकी, विनय विसुंके र १ सदस्य पछि थप्ने गरी रहेका छन् ।

भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य एवं मञ्चका संयोजक हरिकृष्ण गजुरेल, के.स तथा रामेछाप जिल्ला इञ्चार्ज गगन, सेक्रेटरी लाङ्घाली मगर, क्रान्तिकारी युवा लिग नेपाल ३ नं प्रदेश संयोजक केश दलकोटीको उपस्थिति रहेको थियो ।

## शिक्षा ऐनको नवौं संशोधन खारेज गर्न सात विध्यार्थी संगठनको माग

काठमाडौं । अनेरास्ववियू (क्रान्तिकारी), अखिल (क्रान्तिकारी), अखिल (छैठौं), नयाँ शक्ति विध्यार्थी यूनियन, राजपा विध्यार्थी संगठन, समाजवादी विध्यार्थी फोरम र राष्ट्रिय विध्यार्थी संघले संयुक्त रूपमा प्रेस वक्तव्य जारी गर्दै आम विध्यार्थी र सबै क्रियाशिल विध्यार्थी संगठनको तीव्र विरोधको बीचबाट जबर जस्ती पारित गरिएको शिक्षा ऐन, २०२८ को नवौं संशोधन तत्काल खारेज गर्न र दशौं संशोधन मार्फत् समस्या समाधान गर्न नेपाल सरकारसँग जोडदार माग गरेका छन् ।

बुधबार विध्यार्थी संगठनहरूको संयुक्त बैठकले शिक्षा सेवा आयोगले झण्डै ८ लाख लाइसेन्स प्राप्त उम्मेदवारहरूलाई परीक्षाबाट बञ्चित गरी चैत्र २३ गते गर्ने भनिएको परीक्षा तत्काल स्थगित गर्न माग गर्दै त्रिभूवन विश्वविद्यालय शिक्षा शास्त्र संकायका विध्यार्थीहरूले माइतीघरमा सुरु गरेको आमरण अनसनप्रति पनि समर्थन र ऐक्यवद्धता प्रकट गरेको वक्तव्यमा जनाइएको छ । यी मागहरू तत्काल सम्बोधन नगरिए देशव्यापी रूपमा आन्दोलनको घोषणा गर्न वाध्य हुने चेतावानी पनि वक्तव्यमा दिइएको छ ।

## देजमोको महालक्ष्मी नगरपालिकाको भेला सम्पन्न

ललितपुर । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको महालक्ष्मी नगर कमिटीको भेला सम्मन्न भएको छ । ललितपुरको कुपण्डोलमा सम्पन्न भेलाले गंगा महर्जनको अध्यक्षतामा १५ सदस्यीय नगर समिति गठन गरेको छ । भेलाले उपाध्यक्षमा भिमसेन के.सी., सचिव अरुण श्रेष्ठ, कोषाध्यक्ष राजकुमार श्रेष्ठ सहित सदस्यहरूमा रामशरण सापकोटा, प्रेम श्रेष्ठ, गोपाल महर्जन, दिपक राज, कुमार तामाङ्ग, रामचन्द्र विष्ट, मैते तामाङ्ग, बले श्रेष्ठ, राजेश श्रेष्ठ चयन गरेर २ जना पछि थप्ने गरी समिति निर्माण गरेको छ ।

भेलामा प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला इञ्चार्ज भरत बुर्जा, अतिथिहरू सेक्रेटरी श्याम केसी, मोर्चाका केन्द्रीय सदस्य एवं जिल्ला संयोजक इन्दिरा अधिकारीको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन अर्जुनलाल श्रेष्ठले गर्नुभएको थियो ।


सफा रहौं, स्वस्थ बनौं

● खानेपानी उमालेर वा निर्मलीकरण गरेर सेवन गरौं ।
● दिसा गएपछि र बच्चाको दिसा धोएपछि साबुनपानीले हात धुने बानी गरौं ।
● खाना खानुअघि र खाइसकेपछि साबुनपानीले राम्रोसँग हात धोऔं ।
● बासी झिंगा भन्केको र सडेगलेको खानेकुरा नखाऔं ।
● दिसा पिसाब शौचालयमा मात्र गरौं ।
● सरुवा रोगबाट बचौं र अरुलाई बचाऔं ।

खानेपानी तथा सरसफाइ डिबिजन कार्यालय
मन्थली रामेछाप

# महामानव लेनिनको विहङ्गम व्यक्तित्व : संक्षिप्त चर्चा


● 'पर्जन्य' ●

महान् दार्शनिक कार्लमार्क्सले जीवनभर लगाएर अन्वेषण, खोज, अनुसन्धान, विश्लेषण र संश्लेषण गरी निर्मित गरिदिनु भएको वैज्ञानिक समाजवादको दर्शनलाई विश्वमा प्रथमपटक सफल रूपमा क्रियान्वयन गरिदिने महामानव भी.आइ. लेनिनका ग्रन्थहरू पढ्ने धेरै छन्, उहाँका सिद्धान्तहरूबारे बहस-विवाद, जिकिर-जिरह गर्ने धेरै छन्; उहाँका भव्य फोटोहरूबाट घर, कोठा, हल सजाउने धेरै छन्; उहाँको पार्थिव शरीर भएको म्युजियममा पुगी लाल सलाम गर्ने र श्रद्धाञ्जली अर्पण गर्ने पनि धेरै छन् । उहाँको जस्तै बोके दारी पाल्ने पनि धेरै छन् र उहाँको नाममा शासन गर्ने पनि धेरै छन् तर वास्तवमा महान् लेनिन को-के हुनुहुन्थ्यो; उहाँको शारीरिक, मानसिक, आत्मिक र सामाजिक व्यक्तित्वका सर्वाङ्गिण रूप कस्तो थियो भनी विहङ्गम रूपमा अनुभूत गर्ने व्यक्तिहरू मैले एकदम कम भेटेको छु । मलाई लाग्छ विश्वमा भी.आई. लेनिनलाई सबभन्दा बढी बुझ्ने मान्छे महान अनुभूतिवान् स्रष्टा म्याक्सिम गोर्की नै हुनुहुन्थ्यो, त्यसपछि मात्र लेनिनकी जीवनसाथी विदुषी नारी नाजेज्दा क्रुप्सकायाको नाम आउँछ । अरुहरूले उहाँलाई जसरी बुझे, त्यो एकाङ्गी रूपमा मात्र बुझेका छन्, सर्वाङ्गीण रूपमा बुझेका छैनन् । उहाँलाई बहुआयामिक रूपमा बुझी उहाँको समग्र व्यक्तित्वको पहिचान गरी र त्यो व्यक्तित्व निर्माणमा उहाँको जन्मजात गुण, पारिवारिक र सामाजिक परिवेश, स्वअध्ययन र जीवनका उतार चढावले के कति भूमिका पूरा गरेको थियो भन्ने कुरा बुझ्न आवश्यक हुन्छ ।

महान् लेनिनको सम्पूर्ण जीवनको अन्तप्रेरणा के हो ? कसरी उहाँ त्यति उच्चतम्, विशिष्टतम् र सर्वोच्च हुनुभयो, जोसँग तुलना लायक हिजो पनि व्यक्तित्व थिएन र आज पनि अहिलेसम्म जन्मिएको छैन, अनि भोलिको कुरा त भोलिकै हातमा छोडिदिऔं । “लेनिनजस्तो मान्छे इतिहासमा आजसम्म जन्मिएको थिएन र भोली पनि मुश्किलैले जन्मिने छन्” - विश्वसाहित्यकार गोर्कीले धेरै ठाउँमा धेरै पटक लेख्नु र बोल्नु भएको छ ।

क. लेनिनका विहङ्गम बहुआयामिक व्यक्तित्वबारे प्रकाश पार्ने हो भने त एक महाग्रन्थ 'लेनिनायण' नै तयार हुनेछ तर यहाँ उहाँका केही अत्यन्त अनुकरणीय, उल्लेखनीय, समसामयिक, समयसान्दर्भिक र युगीन आवश्यकताका पक्षहरूबारे मात्र चर्चा चलाउने कोशिस गरिनेछ, जो जानकारी पाउँदा हामी सबैको हृदयमा दिव्य प्रकाश प्रज्वलित हुनेछ, हाम्रो सोच, संस्कार र चेतनामा ठूलो रूपान्तरण आउनेछ, जागृति जागरण छाउने छ । महान् लेनिनका ती विशिष्ट गुणहरू बुदाँगत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ-

(१) महान् प्रेमको भावना- क. लेनिनको सर्वाधिक उल्लेखनीय पक्ष यही नै हो । लेनिन प्रेमको महासागर हुनुहुन्थ्यो भन्दा पनि प्रेमको ब्रमाण्ड नै हुनुहुन्थ्यो । यो हाल विश्वका असंख्य लेनिनवादी नेता कार्यकर्ताको कल्पनाले आँकलन गर्न नसक्ने कुरा भयो, अनुभूत गर्नै नसकिने विषय हो । समष्टिमानव लेनिनको 'प्रेम' अनुभूत गर्न अर्को समष्टिमानव नै चाहिन्छ । उहाँको प्रेम आमाप्रति, बुबाप्रति, दाजुभाइ, दिदीबहिनीप्रति, साथीभाईप्रति, रुसी स्रष्टाहरूप्रति अनि आफैप्रति पनि अद्भूत, अपूर्ण, अनुपम र अपार थियो, जसको मापन गर्ने कार्य नै असंभव छ । उहाँको प्रेमको घनत्व, तीव्रता वा गहनता वा अगाधताको अनुभूति उहाँसँग समीपमा बस्दा जो कोहीलाई पनि हुने



गर्थ्यो । दलभित्रका विपक्षी साथीहरू समेत लेनिनको यो पक्षबाट बढी प्रभावित थिए र यही कारणले उहाँका अघि ती मातृवात्सल्यतापूर्ण आमाका अघि मतमतान्तर बोकेका छोराछोरी जस्तै हुन्थे । उहाँ ट्राटस्कीलाई अति प्रेम गर्नुहुन्थ्यो, आफ्नो कट्टर विरोधी मार्तोभ (जो पछि शहीद भए) लाई जीवनका हर नयाँ मोडमा हुरुक्क भै याद गर्नु हुन्थ्यो, प्लेखानोभलाई पटक पटक भावुक भै सम्झिनु हुन्थ्यो । वास्तवमा क. लेनिनको दर्शन र सिद्धान्त बुझेर भन्दा पनि उहाँको प्रेमप्रभावबाट पछि लाग्ने मान्छेहरूको संख्या व्यापक थियो । आफू जेलको काल कोठरीभित्र कठोर सजायको जीवन विताइरहेको र कुनै पनि बेला जारशाहीबाट कुनै पनि बहानामा मारिने संभावना भएको जोखिम अवस्थामा पनि क. लेनिनलाई पार्टी, साथीको प्रेमभावले हृदय भरिन्थ्यो । जेलमा हुँदा उहाँले “फलानो साथीलाई एकदम कठिन छ, एकजना सुकन्या खोजी तुरुन्त बिहे गरिदिनु, फलानो साथीको आमा विरामी छिन्, उनलाई पैसा खोजी उपचार तुरुन्तै गराइदिनुः फलानी महिला सुत्केरी छिन्, उनलाई न्यानोतातो पोषिलो मीठो खुवाउने पैसा सहयोग जुटाइदिनु” भनी लेख्नुभएका चिठ्ठीहरू हेर्दा लाग्छ- क. लेनिनको सिङ्गो जीवन क्रान्ति र समाजवाद स्थापनाको मूल अन्तप्रेरणा नै सिर्फ 'प्रेम' थियो । क. लेनिनको यस पक्षमा उहाँका जीवनका बाल्यकालदेखि अन्त्यसम्मका अनेकौं दृष्टान्त दिई चर्चा गर्ने हो भने मात्र पनि एउटै ठूलो ग्रन्थ तयार हुनेछ ।

क. लेनिनको दिमाग विश्व जत्रो थियो भने दील ब्रह्माण्ड जत्रो थियो । उहाँ स्वयम् पनि दिमागभन्दा दीललाई अर्थात् मस्तिष्कभन्दा बढी मुटुलाई बढी महत्व दिनुहुन्थ्यो । “संसारभरका किताब पढेर मात्र कोही कम्युनिस्ट हुन सक्दैन, कम्युनिस्ट हुन त कम्युनिस्ट हृदय चाहिन्छ, शोषित पीडित जनतासँग मिल्ने, एकाकार हुने र उनीहरूलाई सच्चा निष्कपट प्रेम गर्न सक्ने हृदय चाहिन्छ” भनी उहाँले व्यक्त गर्ने भावनाको साक्षात प्रतिमूर्ति उहाँ स्वयम् नै हुनुहुन्थ्यो । भनिन्छ- ज्ञानीहरू थाक्छन्, कर्मीहरू पनि थाक्छन् तर प्रेमीहरू कहिल्यै थाक्दैनन् । क. लेनिन त्यस्तै महान प्रेमी हुनुहुन्थ्यो ।

(२) समदृष्टि भाव, अहंकार विहीनता र सरलता - क. लेनिनमा उच्चतम रूपमा समदृष्टि भाव थियो । उहाँ आफूलाई जसरी हेर्नुहुन्थ्यो, त्यसरी नै अरुलाई पनि हेर्नुहुन्थ्यो । अरुको पीडा दुख, भोक, सुख र हर्ष पनि उहाँ अनुभूति गरी ऐक्यवद्धता जनाउन सक्नुहुन्थ्यो । यो मान्छेको मामलामा मात्र नभै पशुपन्छीको मामलामा पनि लागू हुन्थ्यो । उहाँ आफू वरिपरी जम्मा हुने कुकुर, बिरालो, घोडाको भोक थाहा पाई उनीहरूलाई तत्कालै केही खुवाउनु हुन्थ्यो । ओइलाएका फूल बृक्ष देखे पानी लगेर हालिदिनु हुन्थ्यो । यो विवेक उहाँको बालककालदेखि नै हो ।

क. लेनिनमा 'अहम' शून्य थियो । उहाँलाई रुसी जनताले देवदूतको, देवता, महान चमत्कार, तारणहार (लर्ड) र स्वप्न नायक मानिसकेका थिए तर उहाँलाई यी सम्मान ताजले तीलभर पनि 'प्रभावित' पारेको थिएन । उहाँ त्यही 'उल्यानोभ' जो बालककालमा जस्तो थियो, त्यस्तै सरल र सहृदयी हुनुहुन्थ्यो । उहाँलाई भेट्दा सबै मजदूरले महान् नेता भन्दा पनि एउटै परिवारको दाजुभाइ वा एक विश्वसनीय साथी भेटेको अनुभूति गर्थे ।

क. लेनिनलाई सबैजनाले 'कमरेड' भनी सम्बोधन गर्थे । उहाँको ड्राइभर गिल, भान्से (अहिलेका रुसी राष्ट्रपति भाल्दिभिर पुटिनका पिता) बगैंचामा काम गर्ने माली, स्वीपर, कुल्ली सबैले 'कमरेड' भनी बडो भावुक र प्रेममय अनुहार बनाई सम्बोधन गर्थे । यो प्रचलन गराई “कमरेड” शब्दलाई विश्वप्रसिद्ध प्रिय शब्द बनाउने काम समदृष्टिवान महान् आत्मा लेनिनले नै गर्नुभएको हो । नेपालमा पनि पुराना राजनैतिक प्रतिबन्धित दलमा यो शब्द प्रयोग गरियो । प्रजा परिषद्का नेता कार्यकर्ताहरू एक आपसलाई 'कमरेड' शब्दबाट नै सम्बोधन गर्थे ।

क. लेनिनले आफ्नो जीवनकालमा आफ्नो जीवनी एउटा पनि छाप्न वा प्रकाशन गर्न कसैलाई पनि दिनु भएन । उहाँको जीवनी भएको पर्चा प्रथम पटक उहाँको निधन भएको दिन कम्युनिस्ट पार्टीले लेखी प्रकाशन गरी शवयात्रामा छरेको थियो । जब मानिसले क. लेनिनको जयजयकार गर्थे, जिन्दावाद गर्थे उहाँ हाँस्नु हुन्थ्यो र नजिकै बसेकी पत्नी नाजेज्दा वा आफ्नी जेठी दिदीलाई कानेखुशी गरी भन्नुहुन्थ्यो- “यी मान्छेहरूले औधी गरे मलाई, जारसाहेबलाई भन्दा पनि बढी गरे, यस्तो हो भने त भाग्नुपर्छ यहाँबाट ।” उहाँको यो भनाईमा ठट्टा मस्करी र व्याङ्ग हुन्थ्यो, अनि आफू केही होइन “यी जनता त्यतिकै कराउँछन्” भन्ने सरल निष्कपट भावना हुन्थ्यो । उहाँको यो कुरा सुनी नाजेज्दा र जेठी दिदिहरू पनि हाँस्थे, अनि लेनिन झन् हाँस्नु हुन्थ्यो । समग्रतामा आफू ठूलो मान्छे भएको क. लेनिनलाई कहिल्यै लागेन र त्यो 'ठूलो मान्छे'को 'गाम्भीर्यता', 'बडप्पन', 'धक' वा 'अहम भाव' उहाँमा जीवनपर्यन्त भेटिएन ।

कसैले उहाँको प्रशंसा गरे कि त जोडले हाँसी त्यसलाई उडाउनु हुन्थ्यो, कि त अर्कोतिर दृष्टि लगाउनु हुन्थ्यो, कि त त्यो ठाउँ छोडी हिड्नु हुन्थ्यो । वास्तवमा उहाँ आफ्नो प्रशंसा सुन्न चाहनु हुन्नथ्यो । पूर्वीय दर्शनका नीतिले भन्छन्- आफ्नो आलोचना जति पनि सुन्नु तर प्रशंसा कहिल्यै नसुन्नु, त्यसले मति बिगार्छ । क. लेनिनमा पनि यो नीति थियो ।

क. लेनिनको जन्मको ५० औं वर्षीय कार्यक्रम पिटर्सवर्गमा हुँदा उहाँको निवासमा विहानदेखि ३/४ चोटी उहाँलाई निमन्त्रणा गरी फोन आयो, लेनिन त्यस्तो कार्यक्रममा जानु हुँदैन भन्ने जानेर कार्यक्रम आयोजकले “तपाईको अति मिल्ने साथी गोर्की पनि आउँनुहुनेछ” भनी खबर गरे । पत्नी नाजेज्दा र जेठी दिदिले पनि त्यहाँ जानु भनी लेनिनलाई उर्दी लगाए तर लेनिन टसका मस हुनु भएन । जेठी दिदिले त गाली गर्न थालिन्- “बोलोद्या, तँ साह्रै घमण्डी भइस, तेस्तो श्रद्धा गरी बोलाएको ठाउँमा किन नजानी ?” लेनिनले त्यतिखेर भन्नुभयो- “तिमीलाई थाहा छैन दिदि, त्यहाँ साथीहरूले मेरो नाममा अनेक स्तुति गाउँछन्, जय गान गर्छन्, भजन गाउँछन् अनि मलाई सासै फेर्न मुश्किल हुन्छ । झन् त मेरो प्रिय साथी गोर्कीले त चौपट्ट गर्छ- गोर्की आएको भए त झन् जानुनै हुँदैन, कस्ता छन् ती भने नी....।” यति भनी लेनिन खित्का छोडीछोडी हाँस्नुभयो । क. लेनिन त्यो कार्यक्रममा पछि जानु त भयो तर भाषण प्रवचन सकिएर संगीत साँस्कृतिक कार्यक्रम शुरु हुनु ठीक अघि अकस्मात रूपमा जादुगर भै मन्चमा प्रकट भै 'धन्यवाद' का दुई शब्द बोल्नुभयो र 'आफ्नो प्राण रक्षा' गर्न अघिल्लो कार्यक्रममा सहभागी नभएको भनी व्यङ्गात्मक कथन गरी सारा दर्शक र साथीहरूको बीचमा हाँसोको फोहोरा चलाइ अनि साँस्कृतिक कार्यक्रम पूरा हेरी फर्किनु भयो । यस्ता अनगिन्ती घटना छन्, जसबाट क. लेनिनको सरलता, अहमविहीनता, समदर्शिता भाव प्रष्ट हुन्छ ।

(३) स्वप्नद्रष्टा, सुक्ष्म अनुभूतिवान् र प्रगाढ अवलोकनकर्ता- क. लेनिन हिड्दा हिड्दै सपना देख्नु हुन्थ्यो- आफ्नो नेतृत्वमा समाजवादी क्रान्ति भएको, त्यो पनि एकदम कम रक्तपातमा र समाजवादी निर्माण भई रुस चिरिच्याट्ट भएको, दिव्य, भव्य र अनुपम भएको । यो सपना दुरुस्तै त्यस्तो सपना हो जुन सपना मान्छे सुतेको बेला देख्छ । यो मनोविज्ञानको एक तह हो । यस्तो सपनालाई पश्चिमी मनोविज्ञानले 'भिजन' भन्छ भने पूर्वीय शास्त्रले चाहि 'दर्शन' अर्थात् देखिनु भन्छन् । यो क्षमतामा पुगेको मान्छे आफ्नो काममा कहिल्यै पनि असफल हुन्न ।

१९१७ को 'अप्रिल थेसिस' प्रस्तुति पछि क. लेनिनले जब समाजवादी क्रान्तिको सपना देख्न थाल्नु भयो, तब एकदिन आफ्नो कोठामा बसी आफ्ना महान् गुरुहरू मार्क्स र एङ्गेल्सकाबारे सम्झना गरी मनोवाद गर्दै भन्नुभयो- “हे मेरा अग्रजहरू ! तपाईहरू महान् प्रतिभा, विद्वान र क्षमतावान हुनुहन्थ्यो । तपाईहरू जस्तो महान् प्रतिभाको दर्शन, विचार, सपनालाई व्यवहारिक रूपमा प्रयोग गर्न हामी खोजीरहेका छौं- तर म केही होइन-कसरी यो काम फत्ते गर्ने ? मलाई एकदम चिन्ता छ । घोषणा त गरैं तर काम कठिन छ”

अकस्मात् त्यति नै खेर मार्क्स र एङ्गेल्स कोठामा प्रकट हुनुभयो अनि लेनिन बस्नु भएको खाटको दायाँबायाँ उहाँहरू बस्नु भयो र भन्नुभयो- “तपाई चिन्ता नगर्नुस्, आफ्ना अजेय शक्ति सर्वहारा मजदूरमाथि पूर्ण विश्वास गरी क्रान्ति गर्नुस्, पूर्ण सफल हुनुहुनेछ, हामीलाई पूरा विश्वास छ” त्यसपछि मार्क्स एङ्गेल्स दुबै अदृश्य हुनु भयो । यो क. लेनिनले देख्नु भएको सपनाहरूको उत्कर्ष थियो । स्वप्नद्रष्टा मान्छेले यस्तो सपना देखि रहन्छ । यो मनोवैज्ञानिक खेल हो, अवचेतनको मनको लिला हो । क्रान्तिको ज्वार अझै बाँकी छ । त्यो पढेपछि लेनिनलाई पक्का भो आफ्नो अनुमूति सही भएकोमा । त्यसपछि नै उहाँ क्रान्तिको वकालत खुलेर गर्न थाल्नु भयो । यो सुक्ष्मानुभूतिकै कुरो हो ।

क. लेनिन कुनै पनि मान्छे भेटेपछि त्यो मान्छे कस्तो परिवेशमा हुर्किएर आएको, अहिले कुन मानसिकतामा छ र पछि के हुने सम्भावना बोकेको छ भनी स्पष्ट भनिदिन सक्नु हुन्थ्यो । २०/२५ वर्षपछि सम्मको कुरा उहाँले भनेको मिल्थ्यो । उहाँले प्लेखानोभलाई प्रथम पटक विदेशमा भेटेपछि पनि उहाँको भविष्यको सम्भावना त्यतिखेर मिल्ने साथीलाई बताउनु भएको थियो, जुन पछि हुबहु मिल्यो । यो पनि सुक्ष्मानुभूतिकै कुरो हो ।

क. लेनिन अवलोकनमा प्रगाढ हुनुहुन्थ्यो । क. मार्क्सले “रुसमा समाजवादी क्रान्ति हुन धेरै वर्षपछि मात्र संभव छ” भन्नु भएको थियो । अरुले पनि त्यही रट लगाइरहेका थिए तर जब लेनिनले रुसी आर्थिक क्षेत्रको प्रगाढ अवलोकन र अध्ययन गर्नुभयो; स्थिति अझै देखियो रुस समाजवादी क्रान्तिका लागि तयार भैसकेको उहाँले पाउनु भयो । उहाँले कृषि क्षेत्रमा समेत सामन्ती उत्पादन सम्बन्धको सट्टा पुँजीवादी उत्पादन सम्बन्ध प्रवेश गर्दै गरेको प्रत्यक्ष देख्नु भयो । उहाँले बोलीको ढाँचा, प्रकृत्ति, श्रमको तरिका र यन्त्रको प्रवेशले कसरी कृषि क्षेत्रमा पुँजीवाद प्रवेश गऱ्यो भनी एक विस्तृत विश्लेषणात्मक अन्वेषण गरी लेख तयार गरी प्रकाशित गर्नुभयो, जसबाट रुसमा समाजवादी क्रान्तिका लागि एक ऐतिहासिक आधार तयार पाऱ्यो । यस्ता अनगिन्ती दृष्टान्त छन्- क. लेनिनका अवलोकन, परीक्षण र अन्वेषण क्षमतालाई पुष्टि गर्न ।

यसबाहेक क. लेनिनको अगाघ अध्ययनशीलता, चिन्तनशीलता, शारीरिक दक्षता र स्वास्थ्यका लागि गरिने व्यायाम, अभ्यास, मनोरञ्जन, संगीत श्रवण, घुमफिर आदिका प्रसङ्गहरू त हुँदै छन् । रक्सी, चुरोट, खैनी आदिबाट बाह्र कोश टाढा सँधै रहने, क. लेनिनमा एक महानायकमा हुनुपर्ने असंख्य गुणहरू थिए, जुन कुरा उहाँका विपरीत ध्रुवका कट्टर विरोधीहरूले समेत बेलाबखत बोलेर लेखेर प्रकाश पारेका थिए । पवित्रता, प्रेम, प्रकाण्डता, पूर्णता, कटिबद्धता, द्वन्द्वात्मक चेत, अध्ययन, प्रसन्नता, सरलता, अन्तर्राष्ट्रिय भाव र उच्चतम मानवीय संवेदनाका अजस्र भण्डार विश्वमानव लेनिन वास्तवमा “न भूतो न भविष्यति अर्थात् 'भूत भविष्य' दुवैतिर हेर्दा नदेखिने, नपाइने त्यस्तो व्यक्तित्व हुनुहुन्थ्यो, जसका बारे कल्पना गर्दा पनि सबै पक्ष भेउ पाउन र आँकलन गर्न कठिन छ । उहाँबाट हालका मार्क्सवादी नेताहरूले सिक्नुपर्ने पनि धेरै कुरा छन् । अस्तु ॥


नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा समस्त ग्राहकवर्ग तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सन्तराम चौधरी- प्रोप्राइटर

चौधरी फूड प्रोडक्ट

ति.न.पा.-१३, करौंजिया, रूपन्देही

नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा बुटवल उपमहानगरपालिकावासी तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जितबहादुर मल्ल- अध्यक्ष

प्रगतिनगर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

बुटवल उपमहानगरपालिका-११, देवीनगर, रूपन्देही

# प्रहरी दमनको नेवाः मोर्चाद्वारा विरोध

काठमाडौं । काठमाडौं माइतीघर मण्डलामा सडकविस्तारका साथै अन्य उत्पीडनको विरुद्ध शान्तिपूर्ण रूपमा धर्ना बसेका नेवाःहरू लगायत आदिवासी जनजातिहरूलाई पानीको फोहोरा हान्ने, लाठीचार्ज गर्ने, टियर ग्याँस हान्ने जस्ता कार्यहरू गर्ने प्रहरी बर्बर दमनको नेवाः राष्ट्रिय मुक्ति मोर्चाले घोर विरोध गरेको छ ।

मोर्चाका ३ नं. प्रदेश संयोजक गोर्की श्रेष्ठले एक व्यक्तव्य जारी गर्दै प्रहरी दमनको विरोध गर्नुभएको हो । व्यक्तव्यमा भनिएको छ, 'जनपक्षीय सरकार भनाउँदाहरूले नेवाः साथै आदिवासी जनजातिहरूले आफ्नो भूमिको रक्षाका निम्ति गर्दै आइरहेको जायज मागलाई पूरा गर्नुको सत्ता उल्टै बर्बरता पूर्ण दमनकारी तरीकाले अगाडि बढेको कुराले ०६२/६३ या निरंकुश शासन फर्केर आएको होकि भन्ने आभाष दिलाएको छ ।'

सरकारको यस किसिमको दमनकारी कदमको परिणामको जिम्मेवारी सरकार आफैले लिनुपर्ने भन्दै मोर्चाले गिरफतार गरिएका सबैजनालाई विना शर्त तत्काल रिहा गर्न र घाइते भएका आन्दोलनकारीहरूलाई निःशुल्क तथा उचित स्वास्थ्य उपचार गर्न माग गरेको छ ।

मोर्चाले यस माग/अनुरोधलाई बेवास्ता गरी जायज आन्दोलनलाई बल प्रयोग गरी दबाउने कोशिस गरिएमा आन्दोलन अझ सशक्त रूपमा अगाडि बढाइने चेतावनी समेत दिएको छ ।

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा सम्पूर्ण उपमहानगरवासी तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नरबहादुर श्रीस
प्रोप्राइटर
नारायण स:मिल
बुटवल उपमहानगरपालिका-१०, सुखानगर

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
आनन्द थापा
अध्यक्ष
नेपाली एकता समाज
भारत

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
चन्द्रबहादुर श्रीस
अध्यक्ष
हङकङ नेपाली एकता समाज
हङकङ

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा नगरवासी तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
हिराबहादुर खत्री — प्रमुख
विद्यालक्ष्मी गुरुङ — उपप्रमुख
तथा
देवदह नगरपालिका
देवदह, रूपन्देही

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा उपमहानगरवासी तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
शिवराज सुवेदी — प्रमुख
गुमादेवी आचार्य — उपप्रमुख
तथा
बुटवल उपमहानगरपालिका
रूपन्देही

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा नगरवासी तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
श्री बासुदेव घिमिरे — प्रमुख
जगेश्वर देवि चौधरी — उपप्रमुख
तथा
तिलोत्तमा नगरपालिका
रूपन्देही

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा ग्राहकवर्ग तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।


## माकेको...

प्रतिक्रियावादी घोषणा गरेको सबैभन्दा ठूलो पार्टीमा प्रवेश गर्ने निर्णयमा प्रचण्ड पुगे ।

माकेको एमालेमा एकताको कर्मकाण्ड पनि यसरी पूरा हुँदैछ, लाग्छ दुई व्यापारिक संस्थानहरूको मर्ज हुँदैछ । जहाँ माओवाद, जनयुद्ध जस्ता आफ्नै इतिहास छोड्नु कुनै मुद्दै होइन, मात्र प्रतिशतका निम्ति झगडा, नेतृत्वका निम्ति झगडा, मन्त्रीको सङ्ख्या तथा मालदार मन्त्रालयको बार्गेनिङ लिएर गनगन, कहिले राजकीय पद तथा नियुक्तिको संख्यामा विवाद । तिनै कुराहरूले कहिले मर्जरको सुनिश्चित हुने, कहिले अनिश्चित । बल्लबल्ल एमालेसँग कुरा मिलायो, आफ्नै पार्टी मारामार । २०५२ सालयता हजारौं जनतालाई त्यागको गाथा पढाउँदै युद्धको अग्रणी मोर्चाहरूमा पठाएको यो पंक्ति एक दशकभित्रै पद र पैसाको लालचमा जग हसाउने यतिसम्मको हर्कत गर्ला भनेर कसैले सोचेकै थिएनन् होला । जे होस्, हाललाई भागबण्डाको कुरा मिलाएपछि मर्जरको कुरा लगभग टुङ्गिएको छ र प्रचण्डले मर्दैछ भनेर लेखेको पार्टीले इच्छामृत्युको बाटो रोज्दैछ ।

उपसंहार

अन्तिम खण्ड लेख्दै गर्दा माथि उल्लिखित अमेरिकी सेनाका मेजरको शोधको सानो अंश उल्लेख गर्नु उचित होला । उनले भनेका छन् - अमेरिकी काउन्टर इन्सर्जेन्सी डक्ट्रिनका लागि नेपालको माओवादी विद्रोहबाट पाठ भनेको काउन्टर इन्सर्जेन्टहरूले वातावरणको ती सामाजिक तथा सांस्कृतिक पक्षहरूलाई बुझ्न जरुरी हुन्छ जसले राजनीतिलाई निर्देशित गर्ने, विद्रोहीलाई प्रेरित गर्ने र लोकप्रिय समर्थन निर्धारण गर्ने गर्दछ । परिस्थितिको राम्रो बुझाइबिनाको कुनै पनि सैन्य, आर्थिक वा राजनीतिक प्रयासले अनपेक्षित प्रभाव पर्ने र मुख्य समस्याको समाधान नहुने सम्भावना रहन्छ । (:ब्ø त्ष्यतजथ च प्चभगततलभच, ष्)

यो अंश उल्लेख गर्नुको आशय के हो भने समाजका समस्या ज्यूँका त्युँ छोडेर प्रचण्डहरू एमालेमा गएपछि एकताबाट असन्तुष्ट बनेकाहरू अन्य माओवादी धारामा नजाऊन् भनेर तर्साउन एकथरी माओवादीका नेता कार्यकर्तालाई धरपकड गर्न प्रहरीलाई निर्देशन दिइएको छ । तर शोधको ठहरझैं के बुझ्नु जरुरी छ भने यदि सामाजिक-आर्थिक समस्याहरूको समाधानबिना न्यायपूर्ण सङ्घर्ष गर्नेहरूमाथि दमनकारी नीतिमात्र अपनाइयो भने ढिलोचाँडो ढल्नु अवश्यमभावी रहेको यो सत्ता अझ छिटो सङ्कटमा पर्छ ।

अन्त्यमा, एमालेमा मिसिने पत्रमा हस्ताक्षर भनेको प्रचण्डकै शब्दमा उनको नेतृत्वको पार्टीको मृत्युको पनि घोषणा हो । माओवाद र जनयुद्धको इतिहासबाट आफूलाई अलग्ग्याएपछि माकेसँगै प्रचण्ड नामको त्यो बिम्बको पनि मृत्यु हुँदैछ । विकृतिहरूको केन्द्र बनी माओवाद र माओवादी आन्दोलनलाई बदनाम गरिरहेको त्यो माओवादी केन्द्र इतिहासमा सीमित बन्दा आउँदा दिनमा यो समाजले राहत महसुस गर्नेछ । आफ्नै इतिहासबाट आतङ्कित भई पहिचान बदलेका तिनै पात्र नयाँ अवतार पुष्पकमल दाहाल-२ को रूपमा दोस्रो इनिङको सुरुवातको संघारमा छन् । माकेका नाममा एमालेमा मिसिएको यो समूहले देशमा जे-जस्तो सुधारात्मक काम गर्ने भाषणवाजी गर्दैछ, त्यति काम त कांग्रेस एमालेले गर्दै आएकै थिए र गर्ने पनि छन् । त्यसैले आशा गरौं, पुष्पकमलका दाहालले एमालेमा रहेर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न अलिअलि भएपनि योगदान गर्नेछन् ।

*२०७४ फागुन १५*

## जनयुद्ध...

गरौं' भनेर आह्वान गरिएको जनयुद्धले राष्ट्र तथा अन्तर्राष्ट्र थर्काउँदै सत्र हजारले वलिदान गरिसकेपछि त्यही संसदीय प्रतिक्रियावादी व्यवस्थामा आत्मसमर्पण गर्न पुगेका छन्-प्रचण्ड र उनको भजन मण्डली (माओवादी केन्द्र) । भजन गाउन अस्वीकार गर्ने केही साथीहरूले सम्बन्ध विच्छेद गरेकोमा धन्यवाद ! स्मरण रहोस् २०७३ साल वैशाखमा प्रचण्डले पार्टी एकताका पाँच शर्त लेखेर पठाएको पत्रमा वर्तमान राज्य सत्तालाई प्रतिक्रियावादी राज्यसत्ता भनेका छन् जुन पत्रको छायाँ कपि नेकपा (क्रान्तिकारी माओवादी) का हरेक केन्द्रीय सदस्यसँग सुरक्षित छ ।

तात्कालीन नेकपा (माओवादी) जतिखेर जनयुद्धमा थियो । फागुन महिना उत्सव उमंग र रक्त संचार गर्ने महिना हुन्थ्यो । अछामको मंगलसेन लगायतका ठूल-ठूला विजय अभियान यही फागुन महिनामा सम्पन्न हुने गर्थे । ०५३ साल फागुनदेखि एउटा रुटिन नै बनाइएको थियो । पहिलो हप्ता ०५२ फागुन (१९९६ फेब्रुअरी १३)को सम्झना १ देखि ७ गतेसम्म अवीर वरण, मिठाई वितरण, मीठामीठा खानेकुराको एकआपसमा आदान-प्रदान, दोश्रो हप्ता ८ गतेदेखि १४ गतेसम्म रचनात्मक क्रियाकलाप, खेलकुद हाजिरी जवाफ, जनवादी गीत, नृत्य, लोक तथा प्रगतिशील दोहोरी जुवारी गीत प्रतियोगिता गोष्ठी तथा अन्तरक्रिया तेस्रो हप्ता १४ गतेदेखि २१ गतेसम्म शहीद सप्ताह शहीद परिवारको भेला, शहीद परिवारको घर-घरमा भेटघाट, शहीदको कोटा चुक्ता गर्ने प्रतिवद्धता, शहीद परिवारबाट प्रोत्साहन प्राप्त गर्ने आर्शिवाद लिने, शहीद परिवारलाई सल दोसल्ला खादा, ओढाउने बाटोखर्च र खाजा खुवाउने फूल अवीर अर्पण आदि र अन्तिम हप्ता २२-२९ वा ३० सम्म समीक्षात्मक कार्यक्रम । २०६२ फागुनसम्म यसरी १० वर्ष बिते भने । त्यहाँदेखि यता १३ वर्ष प्रतिबद्धता व्यक्त गर्ने शहीदले देखाएको बाटोमा श्वास रहुन्जेल हिडिरहने प्रतिवद्धता व्यक्त गर्ने । संशोधनवाद, नवसंशोधनवाद, अवसरवाद, प्रतिक्रियावादको भण्डाफोर, विचार, सिद्धान्त, दर्शन, राजनीतिक रूपमा स्तर उठाउने, खारिने र अझ स्पातिलो बन्ने क्रममा विताइएको छ । सबैले कान खोलेर सुन्दा हुन्छ, एमालेले जस्तो आफ्नो पौरखप्रति धिकार्ने, गलत बाटो हिडियो भनेर कान समाएर अब हिंसाको बाटो कहिल्यै समाइदैन भनेर देश तथा विदेशका प्रतिक्रियावादीहरूका अगाडि तीन ताल बाचा गर्दै उठबस गरेर माओवादी आन्दोलन सिद्धिदैन ।

क. किरणको नेतृत्वमा नव-संशोधनवादको विरुद्ध ०६९ असार २ गते विद्रोहको झण्डा उठिसकेको छ । सके हाम्रै पालामा नव-संशोधनवाद-संशोधनवाद प्रतिक्रियावादको विरुद्ध विद्रोह गरेर नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न हुनेछ र विश्वले एउटा नयाँ पाठ पढ्ने छन् । सकिएन भनेपनि झापा आन्दोलनको झैं विउ नै नरहने गरी माओवादी आन्दोलन सकिएन भनेर नेपालका सन्तान दर-सन्तानले पढ्ने गरी नेपालको कम्युनिष्ट आन्दोलनको इतिहास स्वर्ण अक्षरले लेखिई सक्यो । यो विद्रोहको पाठ आगामी पुस्ताले पढ्नेछन् । महान् माओले भने झैं पर्वत फोर्ने मुर्ख बुढोझैं पल्लो गाउँबाट आउदा पहाड चढ्नु पर्ने, घाम छेकेर विस्कुन सुकाउन नदिने दलाल पुँजीवाद, नोकरशाही पुँजीवाद र सामन्तवाद लगायत विस्तारवाद र साम्राज्यवाद रूपी अग्लो पहाड फोरेर सम्म पार्ने अभियानको थालनी हाम्रा अग्रजले गर्दै आए हामी बाचुन्जेल गरिरहने छौं र हाम्रा छोरा-छोरीहरूले गर्नेछन् र नाती-नातीनाहरूले गरिरहने छन् । एक न एक दिन मानिसले मानिसलाई शोषण गर्ने प्रतिक्रियावादी राज्य व्यवस्था ध्वस्त हुनेछ । "सल्यानको तीते फापर चितवनको तोरी ! एकै नाश बनाउनु छ- डाँडाकाडाँ फोरी !! भने झैं साम्यवादसम्म संसार बनि छाड्ने छ । बाटो बिराएर हिड्नेहरूका लागि पश्चाताप बाहेक केही हात लाग्ने छैन । बाचुन्जेल पनि गाली र हरेक मोडहरूमा पदम कुँवरहरूको डर रहिरहने छ भने मरेपछि पनि प्रुधो, वाकुनिन, वर्नस्टीन, काउत्सकी, ख्रुश्चोभ, लिउ-तेङ र मिलेराँ कित्ताको नकारात्मक इतिहासको फोहोरको डंगुरमा थन्किने छन् ।

नेपाल राष्ट्रिय रूपमा स्वाभिमानी, उपनिवेश नभएको राष्ट्रिय स्वाधीनता, क्षेत्रीय अखण्डता कायम रहेको हिमाली पुरानो राष्ट्र भएपनि सामाजिक क्रान्तिका हिसाबले नकार-सकारको हिसाबले पुरानोलाई ध्वंश र नयाँ निर्माण गर्न नसक्दा ज्यामितीय हिसाबले फड्को मारेर विकास गर्न सकेन । प्रगति, परिवर्तन, क्रान्तिको लागि जनता उठेपनि नयाँले पुरानोलाई खाने, निल्ने, चपाउने र पचाएर विस्थापित गर्न नसक्दा लड्ने र लडिने नयाँ र पुराना दुबै शासकलाई पाल्नु पर्दा जनता वाक्क भएका छन् । १०४ वर्षसम्म राजा र राणा दुबैलाई पाल्नु पर्ने २००७ सालपछि पनि वि.पी. र मोहन सम्शेर अर्थात् राणा र कांग्रेस दुवैलाई पाल्नु पर्ने । ०६२/०६३ सालपछि पनि कांग्रेस-एमाले-माके र ज्ञानेन्द्रलाई पनि पाल्नु पर्दा पुराना शासकका सम्पत्ति राष्ट्रले कब्जा गरेर देश विकाशमा ल्याउन नसक्दा वेलायतको औद्योगिक क्रान्ति, फ्रान्स को राज्य क्रान्ति, अमेरिकी स्वतन्त्रता संग्राम, रुसको अक्टोवर क्रान्ति र चिनियाँ नयाँ जनवादी क्रान्ति जस्तो, चार्ल्स प्रथम, लुई सोह्रौं र जारलाई फाँसी दिने र अमेरिकाले वेलायती साम्राज्यवादलाई र चीनले च्याङकाई शेक जस्तालाई लखेट्ने काम नेपालमा हुन सकेन । त्यसकारण वस्तुस्थितिलाई ख्याल गर्दै, सोभियत संघमा जारको ठाउँमा लेनिन चीनमा च्याङकाइशेकको ठाउँमा माओ उदाएझैं आगामी क्रान्तिमा निकै सावधानी अपनाउन जरुरी छ । दुई विश्व दृष्टिकोण दुई विचार दुई वर्गका बीच सहमती, सम्झौता, सौदावाजी, सहकार्य र स्वर्ग र नर्क लाई एकै ठाउँमा राख्ने होइन एउटालाई सकार्ने र अर्कोलाई नकार्ने खालको क्रान्तिबाट मात्र पुराना लुटेराको सम्पत्ति राष्ट्रले कब्जा गर्ने र नयाँ पूनर्जागरणको युग शुरु गर्ने काम गर्नु पर्छ । सबैले यसमा गहन रूपमा विचार विमर्श गरेर निचोडमा पुग्नु पर्दछ ।

हामीले जनयुद्धको वार्षिकोत्सव मनाइरहँदा इतिहासबाट यही पाठ सिक्नु पर्दछ । झट्ट हेर्दा इतिहास दोहोरिए जस्तो देखिएपनि एगेल्सको भाषामा "इतिहास एकपल्ट साँच्चिकै दोहोरिन्छ र अर्को पटक हास्यास्पद रूपमा दोहोरिन्छ, भने झैं नेपालको इतिहास दोहोरिएजस्तो देखिएपनि त्यो वार्तुलाकारको रूपमा भिन्न र उच्च रेखामा विकास भइरहेको हुन्छ । हामीले इतिहासको त्यो गतिलाई अध्ययन गरेर आगामी दिनमा गुणात्मक छलाङ लगाउने गरी शिक्षा लिनु पर्छ, जनयुद्ध दिवसको वार्षिकोत्सव मनाउनुको वास्तविक अर्थ पनि यही हो ।

## क्रान्तिकारी...

यसभन्दा अगाडि कपिलवस्तु, दैलेख, मकवानपुर, सुनसरी लगायतका जिल्लाहरूमा पनि माओवादी केन्द्र, एमाले लगायतका पार्टीहरू परित्याग गरेर क्रान्तिकारी माओवादीमा प्रवेश गर्नेहरूको संख्या सैयौं रहेको छ ।

माओवादी केन्द्रको एमालेमा विलयको प्रक्रियाले तीव्रता लिएसँगै माकेबाट विद्रोह गर्नेहरूको संख्या विस्तारै बढ्दै गएको छ । एमालेलाई 'दक्षिणपन्थी संशोधनवादी गद्दार गुट'को रूपमा विश्लेषण गर्दै संसदीय व्यवस्थाका विरुद्ध दशवर्षे जनयुद्धको नेतृत्व गरेका प्रचण्डले अहिले आएर माओवादी केन्द्रलाई एमालेमा विलय गराउन लागेपछि माओवादीभित्रका सच्चा क्रान्तिकारीहरू विद्रोहको तयारीमा रहेका छन् । जनयुद्धको कालखण्डमा माओवादी नेता कार्यकर्तालाई सिआइडि सुराकी गरी हत्या गर्नेदेखि टाउकाको मूल्य तोक्नेसम्म भूमिका खेलेको एमालेमा लगेर पार्टीलाई विलय गराउन खोजेपछि माओवादी केन्द्रभित्रै यसलाई 'आत्महत्या'को संज्ञा दिँदै प्रचण्डहरूसँगै सती जान नसकिने विश्लेषणले व्यापकता पाउन थालेको छ ।

जनयुद्धको तयारीदेखि जनयुद्धको कालखण्ड र त्यसयताको दशकमा पनि विचार, राजनीति र कार्यक्रमका हिसाबले मोहन वैद्य'किरण' नेतृत्वको क्रान्तिकारी माओवादीले जनयुद्धकालीन मुद्दाहरूमा अडान लिइरहेको, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरूको समाधानका लागि नयाँ जनवादी क्रान्तिको अपरिहार्यता र त्यसको तयारीमा लागिरहेको र अन्तर्संघर्ष र वर्गसंघर्षका भीषण प्रक्रियाबाट खारिएर स्पातिलो बनेको नेतृत्व भएकाले पनि अहिले छरिएर रहेका सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू कमरेड किरणको वरिपरि गोलबन्द हुने क्रममा रहेका छन् । आगामी दिनमा यो क्रम अझ बढेर जाने देखिएको छ ।

क्रान्तिकारी माओवादीले ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको फौजी कार्यदिशामा टेकेर नेपालका नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्न सकिने र मुलुकमा जनगणतान्त्रिक राज्यव्यवस्था स्थापित गर्न सकिने विश्लेषण गर्दै आएको छ । देशी विदेशी प्रतिक्रियावादीहरू, दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादीहरू एकजुट भएर क्रान्तिकारी शक्तिका विरुद्ध घेराबन्दी गर्दै गएको अहिलेको अवस्थामा सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू एकजुट भएर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउनु पर्दछ भन्ने आम क्रान्तिकारीहरूको बुझाइ छ । क्रान्तिकारी माओवादीको नेतृत्वले पनि त्यसै दिशातिर पहलकदमी लिइरहेको छ । र, क्रान्तिकारी माओवादी, मसाल र दुईवटै नेकपासँग पार्टी एकताको आधार तयार पार्दै तत्काल कार्यगत एकताको प्रक्रियालाई अगाडि बढाउन सहमत गराउने काम गरेको छ ।

## क्रान्तिकारी माओवादीले...


भएका ठाउँहरूको निरीक्षण, अवलोकन गर्ने र देशको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नमा जनपरिचालन गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने ठेगान गरिएको पनि वक्तव्यमा उल्लेख गरिएको छ ।

त्यसैगरी बैठकले गौहत्याबारे राज्यद्वारा कानूनी कार्यवाहीको प्रकृया अगाडि वढाइएको सन्दर्भमा संविधानमा उल्लेख गरिइएको धर्म निरपेक्षताको मान्यता स्वयम् राज्यद्वारा नै उल्लंघन गरिएको भन्दै त्यस प्रकारका गतिविधिको दृढ विरोध गरिएको छ ।

## क्रान्तिकारीहरू...

एकता र ध्रुवीकरणको आवश्यकता रहेकोले आफू र आफ्नो पार्टीले त्यस दिशामा पहल लिइरहेको बताउनु भयो । महासंघको बैठकलाई सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीसले क्रान्तिकारी पत्रकारहरूले एकजुट भएर प्रतिक्रियावादी र अवसरवादी कित्ताबाट फिजाइएका भ्रमहरू चिर्न लाग्नुपर्ने बताउनु भयो । बैठकमा महासंघका पूर्वअध्यक्ष तथा क्रान्तिकारी माओवादीका केस कुमार शाहले क्रान्तिकारीहरूका लागि अहिलेको स्थिति प्रतिकूल रहेपनि यो क्षणिक रहेको र महान सम्भावनाहरू दृष्टिक्षितिजमा देखिन थालेको दावी गर्नुभयो ।

महासंघको बैठकले प्रदेश संयोजकहरू तोक्दै संगठनको राष्ट्रिय सम्मेलनलाई लक्षित गर्दै जिल्ला र प्रदेशको सम्मेलनको तयारीमा जुट्ने निर्णय गरेको छ ।


चैत १४ देखि चैत २० गतेसम्मको दुर्वाच्य | रामचन्द्र हुमागाई


# खारेज गरिदिए हुन्छ न्यायालय !

**चैत १४ गते ।** नेपाल सरकारको खाता ऋणात्मक छ, भनेर बाम्वार अर्थशास्त्रीरूले सचेत गराइ रहँदा पनि यो भन्दा अगाडिको सरकारले सरकारी ढुकुटीमा नालीमा आहाल खेल्ने मत्ता हात्ती जस्तै भएर आहाल खेल्यो । यसो गर्नाको कारण सबैलाई थाहा छ, त्यो सरकार पाँचवर्षका लागि बहिरगमन हुँदै थियो । अव यत्ती वेला यो सरकारलाई दैनिक कारोवार गर्न पनि मुस्किल भैरहेको छ । यस्तो हुनु भनेको असफल राष्ट्र हुनु हो । मानीलिउँ रेमिटेन्स नआउँने हो भने असफल राष्ट्र घोषणा गरिदिए पनि हुन भैसकेको छ । यो सबै कसका कारणले भयो ? सवाल यहानेर छ । साँच्चै भन्ने हो भने २०२८ साल देखि नै यो देशको अर्थतन्त्र ओरालो लाग्न थालेको हो । राजा महेन्द्रको मरणोपरान्त नेपालमा कहिल्यै पनि आर्थिक उन्नती भएन । राजा वीरन्द्रका भाइहरूद्वय ज्ञानेन्द्र र धिरेन्द्र यो देशलाई धुतिखाने माध्यम मात्रै बनाँउन तल्लिन रहे, महेन्द्रपछिका पञ्चहरू पञ्चायती व्यवस्थालाई व्यापारिक केन्द्र बनाएर लुटिखाने माध्यमका रूपमा रमाइरहे । २०४६ सालको परिवर्तनपछि आएका बहुदलवादी नेताहरू जनतालाई स्वतन्त्रताको ललिपप चटाएर आफू मोटाउँने प्रपञ्चमा झुमिरहे । ५२ सालपछि शूरुभएको जनयुद्धले पनि खासै परिवर्तन गर्न सकेन । यसले गरेको ठूलो उपलव्धि भनेको गणतन्त्र स्थापना हो । यसबाट पनि जनता अवाक्क हुँदै गएका छन् । वास्तवमा जनताको गणतन्त्र नभएर शोसकहरूको गणतन्त्र भएकाले यस्तो गणतन्त्रबाट देशको आर्थिक उन्नती हुन सक्तैन जनताले पनि सरकारमा आफ्नो स्वामित्व छ भन्न सक्तैनन् । यस्तो अवस्थामा कसरी सरकारको ढुकुटी भरियोस् त !

**चैत १५ गते ।** पञ्चायतकालमा संविधानमै उल्लेख थियो, 'न्यायालयलाई पत्रकारले छुन पनि हुँदैन, छोयो भने ११ हजार भोल्टको करेण्ट लागे झैं न्यायाधीशले कारवारी गर्न सक्छन्' । ४४ सालको कुरा हो, त्यतिवेला अख्तियार दुरूपयोग निवारण आयोग थियो, अहिले अनुसन्धान भएको छ क्यार । त्यहाँका एक सहसचिवले भ्रष्टाचार गरे, सडक विभागका इन्जिनियरसँग ५० हजार घुस लिए भन्ने समाचार नेपाल भूमि साप्ताहिकमा छापिएछ, अख्तियार पनि अदालती मान्यतामै पर्छ । सहसचिव त्यो पनि अख्तियारका । पत्रिकासँग सम्बन्धित आठ जनालाई पुर्जि आयो, 'सात दिन भित्र हाजिर हुनु, नभए कानून बमोजिन कारवाही हुने छ' पुर्जीमा उल्लेख थियो । कानुन पल्टाएर हेरेको त, आयुक्तले 'तीन हजार जरिवाना, तीन वर्ष कैद वा दुबै वा दुवै माफि दिन सक्ने छ' । आँतलाई कहिलेकाहीं ढाँटले पनि साथ दिन्छ भने झैं सातजनातालाई सातै दिनका दिन उपस्थितिका लागि पठाएर म आफू आठौं दिनका दिन मात्रै अख्तियार गएँ । बयान लिने काम पनि आयुक्तकै हुने रहेछ । बासुदेव शर्मा (सर्वोच्चबाट अवकास) आयुक्त थिए । उनले निकै ठाँटवाटका साथ प्रश्न गरे, 'यो समाचारको प्रमाण के छ ? यि मेरा आँखा, मैले जवाफ दिएँ । उनले प्रतिप्रश्न गरे, कसरी ? म दिउँसो राजमार्ग स्थित नाङ्नो रेस्टुराँमा खाना खान गएको थिएँ, मेरो अपोजिट टेबूलमा तपाईका सहसचिव र सडक विभागका इञ्जिनीयर लेनदेन गरेर बसेका थिए एकजनाले खल्तीबाट रकम फिकेर दिए अर्कोले लिए । अब तपाईको मुद्दाको फायल थन्किन्छ । म सँग क्यामरा थिएन, त्यसैले आँखा मात्रै साक्षि हुन । यो वयान सुनेर आयुक्तको अनुहार निकै गँभीर भयो र मेरो यो सबै वयान लेख्ने अनुमति मागे । लखिसकेपछि सही गर्न पनि अनुमति मागे । आफूले सहीगर्नुभन्दा पलिहले मलाई सहीगर्न लगाए । सहीछाप भैसकेपछि मलाई रिशको पारा छूट्यो र मैले भने, 'श्रीमान यस्ता समाचारका श्रोत खोज्न हामी कहाँ आउँने होइन, सहसचिव र इञ्जिनीयरका घरमा जानुपर्छ, उनीहरूले जागिर खाँदा कुन अवस्थामा थिए र अहिले कुन अवस्थामा छन्, त्यतातिर हेर्नुपर्छ, यो मेरो वयान नक्कली हो, समाचार पऱ्यो, तपाइँले पुर्जी काट्नुभयो, त्यसपछि रचिएको रचना हो यो ।' यति भैसकेपछि आयुक्तले आफ्नो हातमा भएको फायलमा सही गर्दै भने, 'हो भन्या हेर्नोस न मेरा ज्वाइ पनि इञ्जीनीयर छन्, धेरै ठूलो घर नवनाउँनुस् न भन्यो टेर्दैनन् । तपाइँलाई मैले माफि दिएँ' भन्दै विदा पो गरे । यो प्रशँग यहाँ किन जोडिएको हो भने आजकै एउटा दैनिक पत्रिकामा समाचार आएको छ, सर्वोच्च अदालतका न्यायाधीशहरूको फैसलाका कारण देशले ६१ अर्ब रूपैयाँ गुमायो' । यस्तो न्यायालय, यस्ता न्यायाधीश नेपालीलाई केकाम ? अवकाश दिए हुन्छ न्यायाधिसलाई, खारेज गरिदिए हुन्छ न्यायालय ।

**चैत १६ गते ।** सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले भनेछन्, 'मानसिक सन्तुलन विग्रीएका कर्मचारीलाई मात्रै श्वैच्छिक अवकास दिइने छ, त्यो पनि डाक्टरको सर्टिफिकेट चाहिन्छ' । हो पनि कामचोर कर्मचारीलाई सुविधा मिलुन्जेल सुगममा बसेर मोज गर्ने, अलिकति दुर्गम जानुपऱ्यो भने अबकास लिएर सुविधा मुठ्याउँने ? सबैभन्दा बढी संघीयताको बहसमा नारा लगाउँने पनि कर्मचारी नै हुन । यस्ता कर्मचारीलाई सुविधाको प्याकेज होइन अक्षमताको पगरी लगाएर घरपठाउँनु नै उपर्युक्त हुन्छ । फेरीफेरी कर्मचारीले लालबाबुलाई सम्झिरहुन ।

**चैत १७ गते ।** अर्थमन्त्री युवराज खतिवडाले चोरी हुने भन्सारमा नियन्त्रण गर्ने के मुख वाएका थिए, पुराना चोर खलकले एकैदिनमा सात अर्बको भन्सार चोरी हालेछन् । यो भन्सार चोरीकाण्ड मात्रै नियन्त्रण गर्न सकियो भने बार्षिक बजेट निर्माण गर्न कुनै सकस पर्ने छैन तर के गर्ने ? एकहजार कि. मि. खुलासीमाना भएको देशमा २५ हजारभन्दा बढी तस्करहरूले कमाइ खाने ठाउँ बनाएका छन् । राजनीतिक पार्टीले पनि आफू सत्तामा नपुग्दासम्म ती तस्करहरूको साथ लिन्छन् र दिन्छन् पनि आफू सत्तामा पुगेपछि कसले कसलाई टेरोस्, ओली सरकारको पनि हालत त उहीहोला नि !

**चैत १८ गते ।** काम गर्ने वातावरण नै छैन भन्दै कहिल्यै दुर्गममा नजाने ज्युदा जेमराज डाक्टरहरू अहिले सुगममा बस्न मानिरहेका छैनन् । कारण के रे भन्दा सरकारी जागिर खाएका डाक्टरहरू दुगममा गएनन् भने उनीहरूको मूल्यसूची नै कम हुने नीति स्वास्थ्य मन्त्रालयले लिएको छ, त्यसैले उमेरमै मूल्य बढाउँन डाक्टरहरूले दुर्गमलाई रोजेका हुन सक्छन्, सकेसम्म बिबाह अगाडि नै नसके बिवाहको पहिलो सीडि मै दुर्गम जाने डाक्टरहरूको भीडले अहिले स्वास्थ्य मन्त्रालय घेरिन थालेको छ । यो नियम ल्याउने मन्त्री गगन थापा हुन, धन्य गगन, किच्चडमा पनि गुलाव फुल्दो रहेछ ।

**चैत १९ गते ।** आँटेपछि सकिने नै रहेछ नि ! युरोपियन युनियनलाई नेपालीले हप्काएरै खेदाए । धर्मको नाममा राजनीति गर्न आएका युरोपियन युनियनलाई प्रधामन्त्री देखि गल्लीगल्लीका बच्चाबच्चाले समेत हप्काउँदा यि हिन्दूधर्मका ठेकेदार हुँ भन्नेहरू कुन मुसाको दुलो भित्र थिए भन्ने कुरा चाहीँ सार्वजनिक भएन ।

**चैत २० गते ।** विचल्ली हुनेभयो घरवालाको । कसरी भन्नुहोला, घरबहालमा लगाउने तर कर भने न्युन भन्दा पनि न्युन तिर्ने घरवाला माथि स्थानीय तह खनिने भएको छ । अर्को निर्वाचनको लोभमा कर लुकाउँने देखि डराउँ यसैपटक असफल भइने, यो पटक असफल भए अर्को पटक निर्वाचनमा जानै नसकिने भइपछि को नै पाएको बेलालाई दुरूपयोग गर्न पछि पर्ला र ! त्यसैले स्थानीय तहले दुलादुलामा पसेर कर असुल गर्छ । ठगीखाने घरपतिहरू अब खुलेर कर तिर । कर तिऱ्यौ भने पुरस्कार पनि पाउँछौ, तिरेनौ भने श्रम शिविरमा जानुपर्ला । श्रम शिविर भनेको राजनीतिक श्रम शिविर होइन, जेल भित्रको श्रम शिविर । सरकारले कैदीहरूलाई काम दिन श्रमशिविर बनाउँदै छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस


गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

टाटासुमो बोलेरो

काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४४०३१५९

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# उदांगिदै पश्चगामिता



● कमल चौधरी ●

नेपालको संविधानसभा पछि हुन गइरहेको भिन्न तहको निर्वाचनको पर्यवेक्षण गर्न नेपाललाई आर्थिक भौतिक सहयोग गरिरहेका अन्तर्राष्ट्रिय संघ संस्थाहरूले रुचि देखाए अनुसार नेपालको उत्कृष्ट भनिएको संविधानको कार्यान्वयनको थालनी अर्थात् निर्वाचन नामको महायज्ञ हेर्न नेपाल सरकारको तर्फबाट आमन्त्रण गरियो- यूरोपियन यूनियनको तर्फबाट पनि पर्यवेक्षकहरू आए ।

दोस्रो संविधानसभाले कसरी संविधान बनायो ? सर्वविदितै छ । ९० प्रतिशतको सहमतिमा बनेको संविधान भनिन्छ । पहिलो संविधान सभाले झण्डै घोषणा गरेको संविधानको खाकाप्रति पनि उत्तिकै सभासदहरूको सहमति थियो । मात्र तीन ठूला दलहरूका नेताहरूको सिण्डीकेट र यथास्थितिवादीहरूको असहमति रहेको थियो । त्यस आधारलाई नमानि पहिलो संविधान सभाको विघटन गराइने षड्यन्त्र भएको कुरा पनि सर्वाविदितै छ। पहिलो संविधान सभाको ९० प्रतिशत पूर्णत : अमान्य र दोस्रोको ९० प्रतिशत पूर्णत : मान्य हुनुपर्ने तर्क आफैमा खण्डित हुन जान्छ । दोस्रो संविधान सभाद्वारा निर्मित संविधानप्रति अपनत्व नरहेको उत्पीडन र विभेदको सिकार असंख्य नेपाली नागरिकको विरोध सडकमै देखि सकिएको छ । लोकतन्त्रको पाठ पढाउने नेताहरूले लोकतान्त्रिक मान्यताबाट कति त्रस्त छन्, त्यो उनको अनुहारको कृतिम भंगिमाबाट प्रष्ट हुने गरेको छ । संविधान कार्यान्वयनको प्रक्रियामा भएको तीन तहको निर्वाचनको निम्ति कहाँबाट कसरी के के सहयोग जुटाइयो ? त्यो सबैलाई जानकारी छैन तर यो संविधान आफ्ना सहयोगी मित्रको इच्छा विपरीत छैन भनेर देखाउन नै देशी विदेशी पर्यवेक्षक आमन्त्रण गरेर साँक्षी राख्न खोजिएको देखिन्छ । भारी जनसंख्यामा रहेका शोषित, उत्पीडित, विभेदित जनताको विरोधको आवाजलाई वेवस्ता गर्दै निर्वाचनको प्रक्रिया प्रारम्भ गरिएको थियो । निर्वाचनको प्रक्रिया त्यसरी नै सम्पन्न भयो, जस्तो संविधानको अभिप्राय रहेको छ। निर्वाचन आयोगले निर्धारण गरेको उम्मेदवारहरूको कस्तो पृष्ठभूमि, मत खरिद बिक्रीको प्रत्यक्ष दृश्य, मतदाता प्रभावित गर्न गाउँ गाउँमा भोज भतेर, डनहरूको विगविगी जस्ता पक्षहरू संभवतः ठूला दलका नेताहरूको निम्ति अनपेक्षित थिएन होला ! निर्वाचन आयोग वा सरकार सकैले पनि रोक्ने प्रयत्न गरेको पाइएन । संविधानभित्रको आरक्षण, समावेसिता जस्ता विषयमा संविधान घोषणा पूर्व र पछि पनि संविधान नमान्नेले त विरोध गर्दै थिए संविधान मान्नेपक्षकाहरूले पनि विरोध जनाई रहेका छन् । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले उत्पीडित जनताको अधिकार, नेपाली भूमि, राष्ट्रिय श्रोत साधनको संरक्षण सँग सम्बन्धित ९४ बुँदे ज्ञापन-पत्र गत फागुन २५ गतेमा प्रधानमन्त्री केपी ओली समक्ष बुझाएको छ ।

अहिले निर्वाचनको विषयमा यूरोपियन यूनियनको पर्यवेक्षको प्रतिवेदनप्रति प्रधानमन्त्री ओलीजी चर्को विरोधमा उत्रनुभएको छ । तर्क गरिन्छ सार्वभौम सत्ता सम्पन्न राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप भयो भनेर संविधानको समर्थन सबैले गरि दिनु पर्दछ भनेर उर्दि गरिरहेका छन् । राष्ट्रियता प्रति निकै चनाखो भएको देखाउन खोजीदैछ । राष्ट्रियताप्रति सर्तक हुनु राम्रो कुरो हो तर राष्ट्रियताको नाममा विकृति, विसंगति, आराजकता, भ्रष्टचार, विभेद, जनअधिकारको हनन जस्ता कामको ढाकछोप गर्ने प्रयत्न कति सुहाउँदो कुरो हो । यूरोपियन यूनियनका पर्यवेक्षकले वा अन्य कसैले पनि सबै विसंगति विकृति न्यायपूर्ण छन् भनेर भनिदिनुपर्ने हो । नेपालमा आमन्त्रण त्यही उद्देश्यले गरियो तर साँक्षि बस्नुको सट्टा सत्य तथ्यको उजागर गर्दा बक्रो बर्कोले छोपेको विरोलो 'म्याउँ' गऱ्यो । राष्ट्रियताको हिमायती कुर्सीमा आसिन नेताहरूलाई सिमाक्षेत्रका नेपाली भूमिमाथि अन्य देशको कब्जाबारे राम्रो गरि थाहा छ । तर त्यसबारे मौन स्वीकृति छ । हाल सालै मानव अधिकारको हननको मामिलामा नेपाली सेनाको सेवा निवृत अधिकृत ब्रिटेनमा गिरफ्तार भएका थिए । त्यसबारेमा ओलीजी के भन्नुहुन्छ ? मानव अधिकारको सवालमा प्रश्न उठछ भने राष्ट्रियताले न थेगेन जस्तै नेपालको उत्पीडित वर्ग, जाति, समुदायको अधिकार वा लैंगिक अधिकारको कटौती गरेर सम्रान्त शासक वर्गलाई स्थापित गर्ने विषयलाई राष्ट्रियताको प्रश्न बनाएर समाधान गर्न सकिने कुरो होइन । वास्तवमा यो एउटा कारणले मात्र होइन यस्ता अन्य धेरै कारण छन्, जसले गर्दा यो संविधान पश्चगामी कोटीमा परेको छ ।


**नयाँ वर्ष २०७५ को हार्दिक शुभकामना**

**विगत १६ वर्षदेखि घरजग्गाको कारोबारमा अत्यन्तै विश्वासिलो र भरपर्दो संस्था**




गौली ग्रुपको विशेषताहरू

१. शून्य रकममा घडेरी पास गर्न सकिने ।
२. आफूले चाहे जति मोहडाका घडेरी लिन सकिने ।
३. नगर विकासको आधारभूत मापदण्ड पूरा गरिएको ।
४. बिजुली, खानेपानी र टेलिफोनको सुविधा भएको ।
५. फराकिलो बाटो भएको ।
६. रकम कम हुनेको लागि फाइनान्सको सुविधा भएको ।
७. सरल ढंगले घडेरी पास गर्न सकिने ।
८. गौली ग्रुपबाट घडेरी खरिद गर्ने ग्राहकले उक्त घडेरी पुनः बिक्री गर्न चाहेमा मुनाफा दिई संस्थाले नै खरिद गर्ने साथै अर्को घडेरीसँग एक्सचेन्ज पनि गर्न सकिने ।

**गौली ग्रुप डेभलपर्स प्रा.लि.**
भरतपुर चितवन, फोन ०५६-५२०९३७,
इमेल : gauligroup@gmail.com



**नयाँ वर्षको हार्दिक शुभकामना**

नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जि.आर.पाठक**
प्रबन्ध निर्देशक
**सिद्धार्थ फर्मास्युटीकल्स प्रा.लि.**
तिलत्तोमा नगरपालिका-२०, रूपन्देही



**नयाँ वर्षको हार्दिक शुभकामना**

नयाँ वर्ष २०७५ को शुभअवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**व्यापारिक मार्ग विस्तार आयोजना**
**वेलिहिया-बुटवल सडक**
रूपन्देही



**नयाँ वर्षको हार्दिक शुभकामना**

नयाँ वर्ष २०७५ को शुभअवसरमा नगरवासी तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**श्री सुमन श्रेष्ठ**
योजना प्रमुख
**बुटवल उपमहानगरपालिका**
रूपन्देही



**नयाँ वर्षको हार्दिक शुभकामना**

नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा समस्त ग्राहकवर्ग तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**हुतानन्द खनाल**
प्रबन्ध निर्देशक
**एशियन फर्मास्युटीकल्स प्रा.लि.**
ओमसतिया-१, रूपन्देही



# सूचना

**'चोरी निकासी भएको देखिएमा तुरुन्त यस कार्यालयमा सूचना गर्न सर्वसाधारणमा अनुरोध छ ।'**

**बेलिहिया भन्सार कार्यालय**
रूपन्देही





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।